अनुसूची -१

# नगर विकास कोष

नयाँ वानेश्वर, काठमाण्डौ

कोषको नीति, कार्यक्रम तथा बजेट तयारी उप-समितिको मिति २०७५।०५।९ गतेको निर्णय अनुसार सञ्चालक समितिमा स्वीकृतका लागि सिफारिस गरिएको

आ.व.२०७५।७६ को "नीति, कार्यक्रम तथा बजेट"

मितिः २०७५।०५।९

# विषय सूची

भाग १

## हालसम्मको समग्र प्रगतिको सार संक्षेप


१.पृष्ठभूमिः ........ 1

२. हालसम्मको समग्र प्रगति समीक्षा र उपलब्धीः ........ 1

२.१ ऋण तथा अनुदान लगानीको प्रगति स्थितिः ........ 2

२.२ नेपाल सरकारको वित्तीय सहयोग ........ 4

२.२.१ ईक्विटी लगानी (स्व-पूँजी लगानी) ........ 4

२.२.२ पारस्परिक कोष **(Matching Fund)** का लागि अनुदान सहयोगः ........ 5

२.३ ऋण असुलीः ........ 5


भाग २

## आ.व. ०७४।७५ को प्रगति समिक्षा


(अ) बाह्य रणनीतिक कार्ययोजना तथा कार्यनीतिहरुः ........ 7

(आ) आन्तरिक रणनैतिक कार्ययोजना तथा कार्यनीतिहरु ........ 9

३. कार्यक्रम तथा आयोजनाहरुतर्फः ........ 10

३.१. लगानी सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुः ........ 10

३.२ व्यवसाय प्रबर्द्धन तथा क्षमता अभिबृद्धि : ........ 13

४. व्यावसायिक योजना प्रबर्द्धन, संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन : ........ 13

४.१ संस्थागत विकास, तालिम र कानूनी व्यवस्था : ........ 13

४.२ कोषको लागि कार्यालय भवन, आवश्यक फर्निचर, कार्यालय उपकरण तथा सफ्टवेयरहरुको व्यवस्थाः ........ 13

५. कोषको वित्तीय व्यवस्थापन तथा सुदृढीकरणः ........ 14

५.१ ऋण तथा अनुदान लगानीः ........ 14

५.२ ऋण असुली तथा भुक्तानीः ........ 15

(क) ऋण असुलीतर्फः ........ 15

(ख) ऋण भुक्तानीतर्फः ........ 17

५.३ आम्दानी, खर्च तथा बचत व्यवस्था : ........ 18

५.४. पूँजी बृद्धितर्फ : ........ 20

भाग ३

## आ.व. २०७५।७६ को नीति, कार्यक्रम तथा बजेट


१.कोषका उद्देश्यहरुः ........................................................................................21

२. कार्यक्रम तथा बजेटका उद्देश्यहरुः....................................................................21

३.रणनीतिहरुः ..................................................................................................22

(अ) बाह्य रणनीतिक कार्ययोजना तथा कार्यनीतिहरुः ...............................................22

(आ) आन्तरिक रणनैतिक कार्ययोजना तथा कार्यनीतिहरु ..........................................24

४. कार्यक्रम तथा आयोजनाहरुः ...........................................................................27

४.१ लगानी सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुः....................................................28

४.२ व्यवसाय प्रबर्द्धन तथा क्षमता अभिबृद्धि :........................................................33

५. संस्थागत विकास तथा जनशक्ति व्यवस्थापनः.....................................................33

५.१ संस्थागत विकास, तालिम र कानूनी व्यवस्थाः ....................................................33

५.२ संगठनात्मक व्यवस्था तथा जनशक्ति व्यवस्थापनः ..............................................34

५.३ कार्यालय भवन, आवश्यक फर्निचर, कार्यालय उपकरण तथा सफ्टवेयरहरु .....................34

६. कोषको वित्तीय व्यवस्थापन सुदृढिकरणः..............................................................34

६.१ ऋण/अनुदान लगानीः ......................................................................................35

६.२ ऋण असुली तथा भुक्तानीः ................................................................................36

७.आम्दानी तथा खर्च व्यवस्था : ............................................................................39

८.पूँजी बृद्धितर्फः...............................................................................................42

९.नगद प्रवाह :....................................................................................................43

१०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः .......................................................45

## भाग १:

## हालसम्मको समग्र प्रगतिको सार संक्षेप:

### १.पृष्ठभूमिः

नेपालमा २९३ वटा नगरपालिकाको घोषणा भए संगै शहरवासी जनसंख्या ६०% पुगेकोछ। कोषले गरेको एक अध्ययन अनुसार १९१ वटा नगरपालिकाको आधारभूत शहरी पूर्वाधारका लागि मात्र पाँच वर्ष भित्र रु. २३ खर्ब लगानी गर्नुपर्ने देखिएको छ। २९३ वटै नगरपालिकाहरुको लगानी अनुमान पनि समाबेश गर्ने हो भने प्रक्षेपित पुँजीगत लगानीको माग अझ बृद्धि हुने प्रष्ट देखिन्छ। देशको आर्थिक तथा सामाजिक विकासका इन्जिनका रुपमा शहरीक्षेत्रलाई परिभाषित गरिएको देखिन्छ। अतः वर्तमान पूर्वाधार लगानी नीतिमा आवस्यक परिवर्तन सहित बैकल्पिक पूँजी परिचालन सहितको कार्ययोजना लागु गर्नु पर्ने आवश्यकता देखिएको छ।

विकसित तथा विकासोन्मुख मुलुकहरुले द्रुततर सहरी पूर्वाधार विकासका लागि अवलम्वन गरेको दीर्घकालिन ऋण परिचालनको अनुभव समेतलाई मध्यनजर गर्दै नगर विकास कोषले स्वीकृत गरेको व्याबसायिक योजना (आ.व.२०७३।७४ देखि आ.व. २०७६।७७) मा उल्लेख भए बमोजिम मिश्रित वित्त **(Blended Financing)** को माध्यमबाट समेत स्थानीय बजारको पूँजी स्थानीय पूर्वाधारमा परिचालन गरी शहरी क्षेत्रको पुर्वाधार विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन गर्न नगर विकास कोष एक वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा नेतृत्वदायी भूमिकामा अग्रसर भैरहेको छ।

उपर्युक्त परिप्रेक्ष्यमा कोषको आ.व. २०७५।७६ को नीति, कार्यक्रम तथा बजेट व्यावसायिक योजनाले निर्दिष्ट गरेको सहरी पूर्वाधार विकासमा दीर्घकालीन ऋण परिचालनका साथै प्रभावकारी ऋण असुली तर्फ केन्द्रित हुनेछ। विगत २९ वर्षको अवधिमा मुलुकको पूर्वाधार विकासका लागि दिर्घकालिन ऋण लगानीबाट प्राप्त भएका अनुभव तथा उपलब्धीहरुलाई संश्लेषण गर्दै हालसम्म कोषले प्राप्त गरेका समग्र प्रगतिको संक्षेपमा समीक्षा सहित आ.व. २०७४।७५ को वार्षिक समीक्षा प्रतिवेदन एवं आ.व. २०७५।७६ का लागि कोषको बार्षिक नीति, कार्यक्रम तथा वजेट प्रस्ताव गरिएको छ।

### २. हालसम्मको समग्र प्रगति समीक्षा र उपलब्धीः

स्थापना काल देखि आ.व. २०४४।४५देखि आ.व. २०७४।७५ को अन्तसम्ममा कोषले गरेको ऋण तथा अनुदान लगानीको अवस्था देहाय बमोजिम रहेको छ।

## २.१ ऋण तथा अनुदान लगानीको प्रगति स्थितिः

कोषले आ.व. २०७४।७५ को अन्तसम्ममा जम्मा १२७१ वटा आयोजनाका लागि जम्मा रु. ११ अर्व ७८ करोड ९२ लाख रकम बराबर ऋण तथा अनुदान स्वीकृत गरेको छ भने जम्मा रु. ९ अर्व ४८ करोड ३४ लाख रकम बराबर ऋण तथा अनुदान लगानी भएको छ। जम्मा ३७६ वटा आयोजनाका लागि स्वीकृत ऋण रु. ९ अर्व ६६ करोड ५७ लाख मध्ये रु. ७ अर्व ३६ करोड ५८ लाख ऋण लगानी भएकोछ । अनुदान तर्फ ८९५ वटा आयोजनाका लागि रु. २ अर्व १२ करोड ३५ लाख स्वीकृत भई रु. २ अर्व ७ करोड ८६ लाख लगानी भएको छ। अनुदान तर्फका ८९५ वटा आयोजना मध्ये विविध कारणले नगरपालिकाको अनुरोध बमोजिम ३८ वटा आयोजना र ऋणतर्फ ३७६ वटा आयोजना मध्ये ५ वटा आयोजना रद्द भएका थिए (**तालिका नं.१**) । यसरी आ.व. २०७४।७५ को अन्त सम्ममा ऋण तर्फ ३१३ र अनुदान तर्फ ८४२ गरि जम्मा ११५५ वटा आयोजनाहरु सम्पन्न भैसकेका छन् ।

**तालिका नं. १:**

**स्थापना आ.व.२०४४।४५ देखि आ.व.०७४/७५ को अन्त सम्ममा गरेको**
**कुल ऋण तथा अनुदान लगानी**

रकम रु. लाखमा

| शीर्षक | स्वीकृत रकम (रु.) | आयोजना संख्या | | | | | वित्तीय लगानी (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | रद्ध | जम्मा स्वीकृत | सम्पन्न | सम्पन्न हुन बाँकी | | |
| ऋण तर्फ | ९६,६५७ | ३७६ | ५ | ३७१ | ३१३ | ५८ | ७३,६५८ | |
| अनुदान तर्फ | २१,२३५ | ८९५ | ३८ | ८५७ | ८४२ | १५ | २१,१७६ | |
| **कूल लगानी** | **११७,८९२** | **१,२७१** | **४३** | **१,२२८** | **१,१५५** | **७३** | ९४,८३४ | |

त्यसै गरी ऋण तर्फ ३७६ वटा आयोजनामा देहाय (**तालिका नं.२**) अनुसार लगानी भएको छ ।

## तालिका नं.२

## स्थापना आ.व. २०४४।४५ देखि आ.व. २०७४।०७५ को अन्तसम्ममा गरेको ऋण लगानी

रकम रु. लाखमा

| लगानीको श्रोत | ऋण स्वीकृत | आयोजना संख्या | प्रगति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भौतिक रुपमा सम्पन्न | ऋण लगानी | |
| आई.डी.ए. ऋण (नेपाल सरकारको ईक्विटी रु. १ करोड ३० लाख सहित) | १,४०२ | २८ | २८ | १,२६० | १००% साँवा फिर्ता भैसकेको । |
| नगर विकास कार्यक्रम -जी.टी.जेड. (Soft Loan) | १५० | १३ | १३ | १३५ | १००% फिर्ता भैसकेको, चक्रीय कोषमा जम्मा हुने । |
| नगर विकास कार्यक्रम -प्रथम चरण (के.एफ.डब्लु.) | १,२७६ | १७ | १७ | १,१३४ | १००% फिर्ता भैसकेको, चक्रीय कोषमा जम्मा हुने । |
| नगर विकास कार्यक्रम -दोस्रो चरण (के.एफ.डब्लु.) | ९,२२९ | ३४ | ३३ | ४,६४० | चक्रीय कोषमा जम्मा हुने । |
| नगर विकास कार्यक्रम -तेस्रो चरण (के.एफ.डब्लु.) | ९,१०३ | ३० | २० | ४,६७४ | चक्रीय कोषमा जम्मा हुने । |
| नगर विकास कार्यक्रम – चक्रीय कोष (आन्तरिक) | २,१५३ | ९७ | ९३ | १,५९१ | चक्रीय कोषमा जम्मा हुने । |
| साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम) - ए.डी.बी. ऋण | ८,५८३ | २९ | २९ | ८,१६९ | ४८ % जम्मा साँवाको फिर्ता भैसकेको र ईक्विटीमा जम्मा हुने । |
| साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुन:निर्माण आयोजना) | ३,२९७ | २८ | २२ | ३,४२२ | कार्यान्वयनको क्रममा रहेको |
| दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना -ए.डी.बी. ऋण | २१,३८६ | २६ | १८ | १९,८२९ | भुकम्प प्रभावित आयोजनाको थप समेत ऋण स्वीकृत भई कार्यान्वयनको क्रममा रहेको |
| तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना -ए.डी.बी. ऋण | १४,४०८ | २० | १ | १०,१७२ | कार्यान्वयनको क्रममा रहेको |
| शहरी वातावरण सुधार आयोजना - ए.डी.बी. ऋण | १,९३३ | २२ | २२ | १,८३० | ४० % जम्मा साँवाको फिर्ता भैसकेको , ऋण फिर्ता गर्नुपर्ने । |
| सहरी शासकीय क्षमता विकास कार्यक्रम - विश्व बैंक ऋण | २,५३३ | १७ | १६ | १,६५१ | |
| मझौला सहरी एकीकृत सहरी वातावरणीय सुधार आयोजना – ए.डी.बी. ऋण | १०,३२५ | ७ | - | ८,६२० | कार्यान्वयन चरणमा रहेको । |
| काठमाण्डौ दिगो शहरी यातायात आयाजना | ५५८ | १ | १ | - | कार्यान्वयन चरणमा रहेको । |
| एकीकृत सहरी वातावरणीय सुधार आयोजना – ए.डी.बी. ऋण | १०,३२१ | ७ | - | ६,५३१ | कार्यान्वयन चरणमा रहेको । |
| **जम्मा ऋण लगानी** | **९६,६५७** | **३७६** | **३१३** | **७३,६५८** | |

त्यसै गरी अनुदान तर्फ ८९५ वटा आयोजनामा देहाय (**तालिका नं.३**) अनुसार लगानी भएको छ ।

**तालिका नं.३**

**स्थापना आ.व.२०४४।४५देखि आ.व. २०७४।७५ को अन्तसम्ममा गरेको  अनुदान लगानी**

**रकम रु. लाखमा**

| लगानीको श्रोत | अनुदान स्वीकृत | आयोजना संख्या | प्रगती | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भौतिक रुपमा सम्पन्न | अनुदान लगानी | |
| नेपाल सरकारको म्याचिङ्ग फण्ड वापत (TDP II, III & TDP-RF) | ३,९९७ | १३९ | १२४ | ४,५९७ | चालु आयोजना । |
| नगर विकास कार्यक्रम -जी.टी.जेड. | १,२०२ | ३३४ | ३०६ | ९९७ | २८ वटा आयोजना रद्ध भईआयोजना सम्पन्न भैसकेको |
| नगर विकास कार्यक्रम (प्रथम चरण) -के.एफ.डब्लु. | २,१३३ | १८१ | १७७ | १,९६९ | ४ वटा आयोजना रद्ध भई बाँकी आयोजनामा लगानी भई  सम्पन्न भैसकेको । |
| नगर विकास कार्यक्रम (दोस्रो चरण) -के.एफ.डब्लु. | २,५२८ | १७४ | १७१ | १,९५७ | चालु आयोजना । |
| नगर विकास कार्यक्रम (तेस्रो चरण) -के.एफ.डब्लु. | १,६४५ | ३० | २८ | ४२५ | चालु आयोजना । |
| जिल्ला स्वास्थ्य कार्यक्रम -के.एफ.डब्लु. (प्रथम तथा दोस्रो) | १,८२२ | १४ | १४ | १,६४३ | आयोजना सम्पन्न भैसकेको |
| सहरी शासकीय क्षमता तथा विकास कार्यक्रम ( सुपरिवेक्षण) | ५,६२३ | १७ | १६ | ५,४८४ | एउटा आयोजना रद्ध भई बाँकी १६ वटा  सम्पन्न भैसकेको |
| काठमाण्डौ दिगो शहरी यातायात आयाजना | १०५ | १ | १ | १०४ | कार्यान्वयनको चरणमा रहेको |
| फोहर मैला व्यवथस्थापनका लागि प्रतिफलमा आधारित आयोजना (GPOBA) | २,१८० | ५ | ५ | ३,६१० | आयोजना सम्पन्न भैसकेको |
| **जम्मा अनुदान लगानी** | २१,२३५ | ८९५ | ८४२ | २०,७८६ | |

## २.२    नेपाल सरकारको वित्तीय सहयोग

नेपाल सरकारले दातृ निकायहरुबाट ऋण एवं अनुदान परिचालन गरी शहरी पुर्वाधार विकासका आयोजनाहरु संचालन गर्नका लागि कोषलाई ऋण तथा अनुदान उपलब्ध गराउदै आएकोछ ।

### २.२.१ ईक्विटी लगानी (स्व-पूँजी लगानी)

कोषको स्थापना कालमा विश्व बैंकको ऋण सहयोग अन्तर्गत निर्माण भएका आयोजनाहरुमा कूल लागतको ९०% ऋण (विश्व बैंकको ऋण ८०% र नेपाल सरकारको ईक्विटी वापत १०%) र बाँकी १०% सम्वन्धित नगरपालिकावाट व्यहोरिने व्यवस्था भए अनुसार नेपाल सरकारबाट ईक्विटी वापत रु. १,२९,८४,६०२ लगानी भएको थियो । हाल उक्त इक्विटीबाट लगानी गरिएको ऋणको साँवा किस्ता सहित सत् प्रतिशत रकम कोषमा फिर्ता भैसकेको छ। साथै कोषको पूँजी बृद्धि गर्नका लागि नेपाल सरकारले आ.व. २०६७।६८ मा साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम चरण) अन्तर्गत प्रदान गरिएको

ऋण तथा ब्याज सहितको रकम रु.९४,५३,८३,५८३ तथा गत आ.व.२०७१।७२ मा सोहि आयोजनाको दोस्रो चरण अन्तर्गत रु. १ अर्ब ५० करोड रकमलाई नेपाल सरकारको निर्णयबाट ईक्विटीमा परिणत भएको हुँदा उक्त रकम सहित कोषमा आ.व. २०७४।७५को अन्त सम्ममा नेपाल सरकारको ईक्विटी लगानी जम्मा रु.२,४५८,३६८,१८५.२१ रहेको छ ।

### २.२.२ पारस्परिक कोष (Matching Fund) का लागि अनुदान सहयोगः

के.एफ.डब्ल्यू.को सहयोगमा नगर विकास कार्यक्रम-दोस्रो चरण अन्तर्गत संचालन भैरहेका ऋण तथा अनुदान आयोजनाहरुका लागि भएको सम्झौता अनुसार नेपाल सरकारले आफ्नो तर्फबाट व्यहोर्नु पर्ने रकम आ.व. २०६४/६५ देखि कोषलाई सिधै प्रदान गर्दै आइरहेको छ । उक्त अनुदान सहयोग रकम आ.व. २०७४।७५को अन्त सम्ममा जम्मा रु. ४९ करोड ९ लाख रहेको छ ।

नेपाल सरकारको आन्तरिक स्रोतबाट प्राप्त हुने रकम कोषवाट लगानी गर्न आवश्यक पर्ने रकमको तुलनामा पर्याप्त हुन सकेको छैन । कोषमा रहेको चक्रीय कोष (Revolving Fund) तथा इक्विटी रकमबाट नगरपालिकाहरुमा ऋण लगानी गर्नका लागि स्वीकृत कोषको ऋण तथा अनुदान लगानी नीति (TDF's Loan & Grant Financing Policy) तथा कोषको ऋण तथा अनुदान लगानी निर्देशिका अनुरुप नगरपालिकाबाट माग हुन आएका आयोजनाको सामान्य आँकलनबाट पनि ठूलो मात्रामा लगानी आवश्यक पर्ने देखिन्छ । यसका लागि नेपाल सरकार एवं दातृ संस्थाहरु समक्ष विशेष पहल गर्नुपर्ने अवस्था रहेको छ ।

### २.३ ऋण असुलीः

कोषको स्थापना काल आ.व. २०४४।४५ देखि आ.व. २०७४।७५ को अन्त सम्मको कूल ऋण लगानी रु. ८ अर्ब ७ करोड ५० लाख पूँजिकृत ब्याज सहित रहेकोमा आ.व. २०७४।७५ को अन्त सम्ममा साँवा रु. १ अर्ब ५० करोड ९७ लाख प्राप्त भई रु. ६ अर्ब ५७ करोड ५७ लाख बाँकी ऋण लगानी रहेको छ । सोहि अनुसार आ.व. २०७४।७५ को अन्त सम्ममा ऋणको शर्त सम्झौता अनुसार साँवा ब्याज गरि जम्मा रु. ३ अर्ब ३० करोड ८२ लाख असुल हुनु पर्ने थियो । यस मध्ये रु. ३ अर्ब १२ करोड ६७ लाख साँवा तथा ब्याज असुल भई ९४.५१ प्रतिशत प्रगति भएको छ (**तालिका नं. ४**) । कोषको हाल सम्मको ऋण असुली अवस्थालाई थप सुधार गर्न कोषले कुनै पनि आयोजनामा लगानी गर्दा आयोजना मूल्याङ्कन पद्धति (Project Appraisal System), ऋण सुरक्षण पद्धति (Loan Security Mechanism) तथा ऋण असुली विधि (Loan Collection Procedures) हरुलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याउदै आएको छ ।

# तालिका नं.४

## स्थापना आ.व. २०४४।४५ देखि आ.व. ०७४।७५ सम्ममा भएको ऋृण लगानी र असुली अवस्था

**रकम रु. लाखमा**

| आयोजनाका नाम तथा ऋृण लगानीको श्रोत | कुल ऋृण लगानी (ब्याज पूँजीकरण सहित) | कुल उठाउन बाँकी ऋृण लगानी (ब्याज पूँजीकरण सहित) | असुल हुनु पर्ने | | | असुल भएको | | | असुल हुन बाँकी | | | असुली प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा प्रतिशत |
| आई.डी.ए. ऋृण | १,२४२ | - | १,२६० | ९०९ | २,१६९ | १,२६० | ९०९ | २,१६९ | - | - | - | १०० | १०० | १००.०० |
| नगर विकास कार्यक्रम -जी.टी.जेड. सरल ऋृण | १३५ | - | १३५ | ३० | १६५ | १३५ | ३० | १६५ | - | - | - | १०० | १०० | १००.०० |
| नगर विकास कार्यक्रम -प्रथम चरण ( के.एफ.डब्लु.) | १,१३४ | - | १,१३४ | ५६३ | १,६९७ | १,१३४ | ५६३ | १,६९७ | - | - | - | १०० | १०० | १००.०० |
| नगर विकास कार्यक्रम - दोस्रो चरण ( | ४,२८३ | २,१२३ | २,०१२ | १,८६६ | ३,८७८ | २,१२८ | १,७२० | ३,८४८ | (११६) | १४६ | ३० | १०६ | ९२ | ९९.२३ |
| नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | ४,७०८ | ३,७२६ | ७९६ | ७९६ | १,५९२ | ९८२ | ७९३ | १,७७५ | (१८६) | ३ | (१८३) | १२३ | १०० | १११.४९ |
| प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ९,९२४ | ५,११७ | ५,३७२ | ५,७३० | ११,१०२ | ४,८०७ | ५,४१० | १०,२१७ | ५६५ | ३२० | ८८५ | ८९ | ९४ | ९२.०३ |
| दोस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना (ए.डी.बी. ) | २१,९९८ | १९,६५३ | २,६०४ | ३,६९० | ६,२९४ | २,३४५ | ३,३६० | ५,७०५ | २५९ | ३३० | ५८९ | ९० | ९१ | ९०.६४ |
| तेस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १०,७१९ | १०,६६९ | ५० | २१५ | २६५ | ५० | २१५ | २६५ | - | - | - | | - | १००.०० |
| शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | १,९१३ | १,१३८ | ८४२ | १,०५० | १,८९२ | ७७५ | ९८९ | १,७६४ | ६७ | ६१ | १२८ | ९२ | ९४ | ९३.२३ |
| सहरी शासकीय क्षमता विकास कार्यक्रम ( विश्व बैंक ऋृण | १,७३४ | १,६८७ | ३१ | २१० | २४१ | ४५ | २१० | २५५ | (१४) | - | (१४) | ६९ | १०० | १०५.८१ |
| मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ९,७८३ | ९,३६८ | ६७२ | १,००६ | १,६७८ | ५३७ | ८७७ | १,४१४ | १३५ | १२९ | २६४ | १२५ | १०० | ८४.२७ |
| एकीकृत वातावरणीय सुधार आयोजना ( | ८,०७८ | ८,०२१ | २९ | ७५६ | ७८५ | ५६ | ७५६ | ८१२ | (२७) | - | (२७) | | १०० | १०३.४४ |
| साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुन:निर्माण आयोजना) | ३,५०९ | ३,२६३ | ३४५ | २२० | ५६५ | २४७ | १७९ | ४२६ | ९८ | ४१ | १३९ | ७२ | ८१ | ७५.४० |
| नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | १,५८९ | ९९३ | ५७७ | १८२ | ७५९ | ५९६ | १५९ | ७५५ | (१९) | २३ | ४ | १०३ | ८७ | ९९.४७ |
| **जम्मा** | **८०,७५०** | **६५,७५७** | **१५,८५९** | **१७,२२३** | **३३,०८२** | **१५,०९७** | **१६,१७०** | **३१,२६७** | **७६२** | **१,०५३** | **१,८१५** | **९५** | **९३.८९** | **९४.५१** |

# <u>भाग -२</u>

## <u>आ.व. २०७४।७५ को प्रगति समीक्षा</u>

कोषले आ.व. २०७४।७५ मा स्वीकृत गरेको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको अवस्था देहाय बमोजिम प्रगति रहेको छ:

(अ) <u>बाह्य रणनीतिक कार्ययोजना तथा कार्यनीतिहरु:</u>

**(क)** कोषद्वारा गरिने ऋण लगानीको जोखिम व्यवस्थापन गर्न तथा यसको व्यावसायिक अभिवृद्धिका लागि खानेपानीक्षेत्र सहलगानी निर्देशिका २०७५ तयार भै कार्यान्वयनमा आएकोछ । यस निर्देशिकामा ऋण लिने संस्थाको विस्तृत प्रोफाईल, सुशासनको अवस्था, तथा आयोजनाको प्राविधिक, आर्थिक, वित्तीय, वातावरणीय, सामाजिक र कानुनी पक्षहरुको विस्तृत लेखा जोखा गर्न आवस्यक कार्यविधि उल्लेख गरिएकोछ ।

**ख)** राजश्व सुधार कार्ययोजना बनाउनका लागि इच्छुक नगरपालिकाहरुलाई काठमाण्डौंमा आमन्त्रित गरी संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष संगको सहकार्यमा एक दिवसीय कार्यशाला आयोजना गरियो । यस कार्यशाला पश्चात भिमदत्त र रत्ननगर नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार गर्न प्राविधिक सहयोग गरियो ।

**(ग)** राष्ट्रिय शहरी पूर्वाधार लगानी तथा स्थानीय ऋण परिचालन सम्बन्धी नीति तथा कार्ययोजना तयार पार्न प्राविधिक सहयोग पुर्‍याउनका निमित्त संयुक्त राष्ट्र संघीय पूँजी विकास कोष संगको प्राविधिक सहयोगमा स्थानीय तहको ऋण व्यवस्थापन सम्बन्धी अध्ययन प्रतिवेदन तयार भएकोछ । यस अध्ययनले स्थानीय तहको ऋण परिचालनका लागि आवस्यक पर्ने नीतिगत पक्षहरु, ऋण वहन क्षमता सम्बन्धी अवधारणा र नगर विकास कोषको भूमिका सम्बन्धी विस्तृत आयामहरुको विश्लेषण गरेकोछ ।

(घ) नगरपालिकाहरुको राजश्व सुधार कार्ययोजना मार्फत नगरपालिकाको ऋण वहन क्षमता वढाउन तथा प्रभावकारी रुपमा वित्तीय स्रोत परिचालन गर्नका लागि भिमदत्त नगरपालिका र रत्ननगर नगरपलिको राजश्व सुधार अभिबृद्धि कार्ययोजना तयार गर्ने कार्य सम्पन्न भएको छ ।

**(ङ)** नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरुको क्षमता अभिवृद्धि गर्न खानेपानी उपभोक्ता संस्थाको लेखा निर्देशिका तथा Accounting Software को स्तरोन्नती तथा अद्यावधिक गरिनुका साथै संयुक्त राष्ट्र संघीय पूँजी विकास कोषको सहयोगमा १० वटा नगरपलिकाका मेयर, उपमेयर र ईन्जिनियरहरुको सहभागितामा नगरपालिकाको आय वृद्धि तथा

नगरपालिकाहरुको वित्तीय क्षमता विकास गर्न ३ वटा नगरपालिकाहरुको केडिट रेटिङ्गका लागि अध्ययन गर्ने कार्य अगाडी बढेको छ ।

(च) १० वटा नगरपालिकाहरुलाई छनौट गरि ती नगरपालिकाहरुमा सञ्चालन गरिने सम्भाव्य आयोजनाहरुको पहिचान गर्ने र नगरपालिकाको Credit Rating गर्ने गरि हाल प्रथम चरणमा धरान, बुटवल, भिमदत्त, तुलसीपुर, हेटौडा नगरपालिकाको Credit Rating को पुर्व अभ्यास सम्बन्धी कार्य प्रारम्भ भएको छ ।

(छ) संस्थागत विकास, स्रोत परिचालन तथा रणनीतिक महत्वका क्षेत्रमा आवश्यक ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्नका लागि संयुक्त राष्ट्र संघीय पूँजी विकास कोषवाट नगरपालिकाहरुको क्षमता विकास, र नयाँ आयोजनामा लगानी गर्ने प्रस्ताव सहित नगर विकास कोषको केडिट रेटिङ्गको लागि सहकार्य अगाडी बढाईएको छ। साना शहरी खानेपानी आयोजनाहरुको ब्यावसायिक योजना तयार गर्ने, ब्यवस्थापन सुधार गर्ने तथा संस्थागत क्षमता अभिवृद्धि गरी आयोजनाको दिर्घकालिन मर्मत सम्भार तथा विस्तार गर्ने जस्ता कार्यमा अमेरिकी सहायता नियोग (USAID) को प्राविधिक सहयोग परिचालन गरिएको छ ।

साना सहरी खानेपानी तथा सरसफाई आयोजनाहरुमा सूचना प्रविधि (Information and Communicaiton Technology) को प्रयोगवाट Smart Grid Management System स्थापना गरि खानेपानीको प्रभावकारी ब्यवस्थापन गर्न दक्षिण कोरियाको Incheon National University को आवश्यक प्राविधिक सहयोग परिचालन गरिने गरि समझदारी भई बेनी खानेपानी आयोजनामा पाइलट आयोजनाका रुपमा कार्य गर्न पुर्व सम्भाब्यता अध्ययन अगाडी बढेको छ ।

(ज) **कोषको थप श्रोत परिचालनको क्षमता बढाउन नेपाल सरकार - अर्थ मन्त्रालय ,**National Designated Authority (NDA) **को समन्वयमा हरित जलबायु कोष )**Green Climate Fund –GCF**को ( सहयोग ,ऋण) अनुदानप्राप्त गर्न सक्ने गरी नेपालको तर्फबाट नगर ( संस्थागत क्षमता विकास , विकास कोष** Direct Access Entity (DAE) **रुपमा** GCF Accreditation **मान्यता प्राप्त गर्न मनोनयन भइ हाल आवशयक** OAS **मार्फत आधिकारिक आबेदनको प्रकृया अगाडी बढाईएको छ।**

(झ) कोषको पुन:संरचना कार्ययोजना सहित कोषको ऐन संशोधनको मस्यौदा तयार गरिएको छ ।

(ञ) शहरी विकास मन्त्रालय र अन्य संस्थाहरुको सहयोगमा करीव १८५ वटा नगरपालिकाहरुमा एकिकृत शहरी विकास योजना ( Intregrated Urban Development Plan) तयारी भैईहेको छ भने कोषको वित्तीय तथा प्राविधिक सहयोगमा विभिन्न नगरपालिकहरुको लगानी योग्य आयोजना (Bankable Project) तयार गर्नका लागि आयोजनाहरुको अध्ययन कार्यको थालनी भएको छ ।

(ट) नेपाल सरकारको शहरी खानेपानी नीतिमा आधारित सह-लगानीको कार्यक्रम अगाडी बढाउन खानेपानी तथा सरसफाई मन्त्रालय/खानेपानी विभाग र कोष विच समझदारी भई सोहि आधारमा कोषको सहलगानी निर्देशिका सञ्चालक समितिबाट स्वीकृत भै नारायणपुर खानेपानी तथा सरसफाई आयोजना, दाङ र विजयपुर पम्पीङ खानेपानी तथा सरसफाई आयोजना, गैडाकोट नवलपुर गरी २ वटा आयोजनाहरुमा लगानी गर्ने निर्णय भएकोछ ।

(आ) <u>आन्तरिक रणनैतिक कार्ययोजना तथा कार्यनीतिहरु</u>

क) नगर विकास कोष ऐन २०५३ को संशोधन मस्यौदा तयार गरि एक सवल **शहरी विकास वित्तीय मध्यस्थकर्ता संस्था**को रुपमा रुपान्तरण गर्न कोषको पुनःसंरचना सहित पूँजि संरचनाको कार्ययोजनाको खाका तयार गरिएको र कोषको रु. २० अर्व पूँजि पुरयाउने प्रस्ताव अर्थ मन्त्रालयमा पेश गरिएको छ ।

(ख) वैकल्पिक स्रोत परिचालनका रुपमा सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप शहरी पूर्वाधार विकासका आयोजनामा नीजि क्षेत्रको लगानी परिचालन गर्नका लागि कोषको सार्वजनिक नीजि साझेदारी लगानी निर्देशिका मस्यौदा तयार गरिएको छ ।

(ग) कोषको आयोजना मूल्याङ्कनलाई थप चुस्त तथा प्रभावकारी बनाउनका लागि सूचना प्रविधिमा आधारित विभिन्न क्षेत्रगत वित्तीय मूल्याङ्कन मोडेलहरु (Financial Appraisal Models) तयार भै कार्यान्वयनमा ल्याइएको छ । विभिन्न मोडेलहरुमा आवश्यकतानुसार सुधार गरी अधिकतम उपयोग गरिएको छ ।

(घ) कोषको व्यावसायिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेटका लक्ष्यहरु समेतका आधारमा विभाग, महाशाखा एवं शाखागत रुपमा कार्य सम्पादनका मुख्य सूचकांक (Key Performance Indicators- KPIs) निर्धारण गरिएकोछ । कार्य सम्पादनका मुख्य सूचकांकलाई करारका कर्मचारीहरुका हकमा करार नविकरण गर्दा र स्थायी कर्मचारीहरुको हकमा बढुवा प्रकियाका लागि मुख्य आधार बनाई लागु गरिएको छ ।

(ङ) कोषको कार्य संचालन प्रणालीलाई कम्प्यूटरीकृत प्रणाली (System Automation) मा लैजानु अत्यावश्यक भै रहेको सन्दर्भमा आयोजना सम्बन्धी रिर्पोटिङ्गका लागि हाल अवलम्वन गरिएको व्यवस्थापन सूचना प्रणाली (Management Information System-MIS) तथा लेखा प्रणालीको लागि प्रयोगमा ल्याइएको माइक्रो बैंकिंग प्रणाली (Micro Banking System) मा समयानुकुल परिमार्जन गर्दै Online Travelling order, Online Disbursement Memo, Assets Mangement का पक्षहरु गत आ.व.मा कार्यान्वयनमा आएका छन् ।

(च) शहरी क्षेत्रमा बढ्दो जनसंख्या संगै कोष मार्फत गरिने लगानीमा भारी बृद्धि गर्नु पर्ने अवस्था रहेको सन्दर्भमा कोषमा प्रतिस्पर्धी खुल्ला कोष (Challenge Fund ) मा बृद्धि गर्नु अपरिहार्य देखिएकोछ । यस विषयमा गत आ.व.मा नेपाल सरकारसंग छलफल भई रु. १ अर्व कोषलाई ऋण स्वरुप चालु आ.व. २०७५।७६ मा व्यवस्था भएको छ ।

(छ) लोकसेवा आयोगको संगठित संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी सामान्य सिद्धान्त २०७४ अनुसार कोषको कर्मचारी सेवा शर्त विनियमावलीमा गरिएका व्यवस्था बमोजिम हालको संगठन संरचना तथा स्वीकृत दरवन्दीमा आवश्यक संशोधन (अनुसूची २८) गरि कोषलाई दैनिक कार्य संचालनमा अति आवश्यक कर्मचारीहरुको पदपूर्ति गर्न लोक सेवा आयोगको वार्षिक तालिकामा राख्ने कार्य सम्पन्न भएको छ ।

(ज) कोषको व्यावसायिक योजनाको लक्ष्य अनुसार कोषको कार्यप्रणालीलाई थप विश्वसनीय तथा अन्तर्राष्ट्रिय स्तरको वनाउने योजना अनुसार **ISO9001:2015 Certification** प्राप्ति प्रकृया अगाडी बढाउने कार्य थालनी भएको छ ।

(झ) कोषको भवनको विस्तृत ईन्जिनियरिङ्ग डिजाईनका लागि परामर्शदाता छनौट गर्ने कार्य अगाडी बढाईएको छ ।

(ञ) कोषको स्रोत परिचालन तथा लगानी योजनालाई थप सुनिश्चित गर्न तथा आयोजना कार्यान्वयनको गतिमा प्रभावकारिता ल्याउन आयोजनाको बैंक (Project Bank) तयार गरी ५ वटा आयोजना अध्ययनको कार्य सम्पन्न भएको छ र ११ वटा आयोजना अध्ययनको क्रममा रहेका छन । (अनुसूची ३ (क)) (कोषको वाह्य तथा आन्तरिक रणनीतिक कार्ययोजना तथा कार्यनीतिहरुको प्रगति **अनुसूची- १** मा देखाईएको छ । )

## ३. कार्यक्रम तथा आयोजनाहरुतर्फः

### ३.१. लगानी सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुः

आ.व. २०७४।७५मा विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि नेपाल सरकार एवं दातृ निकायहरुको सहयोग तथा कोषको आन्तरिक स्रोतको समेत परिचालन गरी कूल रु. ३ अर्व १४ करोड ५४ लाख ५६ हजार लगानी गर्ने लक्ष्य लिइएकोमा जम्मा रु. १ अर्व ३० करोड २२ लाख २८ हजार लगानी भई लक्ष्यको ४१% प्रगति भएको छ (**तालिका नं.५**) । यसरी आ.व. २०७४।७५को लगानी लक्ष्य अनुरुप प्रगति नहुनुमा मूलत् नगर विकास कार्यक्रम दोस्रो र तेस्रो (TDP–II/III) अन्तर्गतका आयोजनाहरुमा नगरपालिका र निर्माण व्यवसायी विच समन्वयको अभाव, चक्रीय कोष अन्तर्गत नयाँ आयोजनालाई भन्दा पूर्व स्वीकृत आयोजना सम्पन्न गर्ने तर्फ जोड दिनु, शहरी खानेपानी तथा सरसफाई आयोजना तर्फ दातृ निकाय एशियालनी विकास बैंक संग वित्तीय सहयोगको सम्झौता गर्ने विषयमा ढिलो टुङ्गो लाग्नु र काठमाण्डौं दिगो शहरी यातायात आयोजना अन्तरगत पहिलो आयोजना मात्र कार्यान्वयनमा आउनु जस्ता कारणहरु प्रमुख देखिन्छन् । आ.व. २०७४।७५मा तर्जुमा भएका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको प्रगति अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**(क) नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरणः**

जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) को सहयोगमा सञ्चालित नगर विकास कार्यक्रमको दोस्रो तथा तेस्रो चरण अन्तर्गत नेपाल सरकारको समपुरक अनुदान समेत गरी कूल रु. ५१ करोड २० लाख ६ हजार बराबरको लगानी गर्ने लक्ष्य राखिएकोमा नेपाल सरकारको समपुरक अनुदान वापत रु. १ करोड ६७ लाख ९४ हजार र के. एफ. डब्ल्यू. श्रोतवाट रु. १७ करोड ८ लाख ८१ हजार गरी जम्मा रु.१८ करोड ७६ लाख ७५ हजार लगानी भै लक्ष्यको ३७ प्रतिशत (**अनुसूची -२, २ क, २ ख, २ ग,२ घ अनुसार**) प्रगति भएको छ ।

यसरी आ.व.२०७४।७५ सम्ममा यस कार्यक्रम अन्तर्गत,

I) नगर विकास कार्यक्रम दोस्रो चरणका आयोजनाहरुका लागि कूल रु. ९२ करोड २९ लाख ऋृण स्वीकृत भएको छ भने हाल सम्म कुल जम्मा रु. ४६ करोड ४० लाख लगानी भई ५० प्रतिशत प्रगति भएको छ । (**अनुसूची -२** )

II) नगर विकास कार्यक्रम तेस्रो चरणका आयोजनाहरुका लागि कूल रु.९१ करोड ३ लाख ऋृण स्वीकृत भएको छ भने हाल सम्म कुल जम्मा रु. ४६ करोड ७४ लाख लगानी भई ५१ प्रतिशत प्रगति भएको छ । (**अनुसूची -२** )

**(ख) जिल्ला स्वास्थ्य आयोजना (के.एफ.डब्ल्यू.):**

**जर्मन विकास बैंक ( KfW)** को अनुदान सहयोगमा दैलेख तथा जाजरकोट जिल्लामा एक एक वटा जिल्ला अस्पताल भवनको विस्तृत इन्जिनियरिङ्ग डिजाइनका लागि बाँकी भुक्तानी स्वरुप रु. ३ लाख ४८ हजार खर्च भई आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन तयार गरी स्वास्थ्य विभागलाई वुझाइ कोषको तर्फबाट गरिने अध्ययनको आयोजना समेत सम्पन्न भएकोछ ।

**(ग) चक्रीय कोष अन्तर्गत सञ्चालन गरिने कार्यक्रमः**

दातृ संस्था के.एफ.डब्ल्यू.को सहयोगमा नगर विकास कोषमा स्थापित चक्रीय कोष अन्तर्गत आर्थिक वर्ष २०७४।७५मा चक्रिय कोष एवं ईक्विटी मार्फत रु. १९ करोड १० लाख ऋृण तथा नेपाल सरकार मार्फत रु. १८ करोड म्याचिङ्ग फण्ड (अनुदान) र आयोजना तयारी तथा सुपरभिजन तर्फ रु. १ करोड गरी जम्मा रु. ३७ करोड २० लाख लगानी गर्ने लक्ष्य लिएकोमा ऋृण तर्फ रु.२ करोड ४१ लाख ३७ हजार र अनुदान तर्फ रु. ३ करोड ६९ लाख ४० हजार र आयोजना तयारी तथा सुपरभिजन तर्फ रु. ९५ लाख ८४ हजार गरी कूल रु.७ करोड ६ लाख ६२ हजार लगानी भै लक्ष्यको १९ प्रतिशत प्रगति हासिल भएको छ । (**अनुसूची-३, ३ क** )

**(घ) मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना :**

यस कार्यक्रम अन्तर्गत आ.व.२०७४।७५मा कोष मार्फत जम्मा रु. ३० करोड ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा रु. ११ करोड ३८ लाख ५ हजार ऋण लगानी भई लक्ष्यको ३८ प्रतिशत प्रगति हासिल भएको छ (**अनुसूची-४**) ।

(ङ) **एकीकृत शहरी विकास आयोजना**

यस कार्यक्रम अन्तर्गत आ.व. २०७४।७५मा धरान, नेपालगञ्ज, जनकपुर र सिद्धार्थनगर नगरपालिकाहरुमा रु. २८ करोड ७० लाख ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा जम्मा रु.१५ करोड ९ लाख ६१ हजार ऋण लगानी भई लक्ष्यको ५३ प्रतिशत प्रगति हासिल भएको छ (**अनुसूची-५**) ।

(च) **साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना, प्रथम चरण (स्तरोन्नती आयोजना)**:

आयोजनाहरुको स्तरोन्नती गर्न लाग्ने कूल लगानी मध्ये नेपाल सरकार मार्फत ७० प्रतिशत अनुदान तथा नगर विकास कोष मार्फत २५ प्रतिशत ऋण स्वरुप परिचालन गरिने नीति अनुरुप आ.व. २०७४।७५मा रु.१६ करोड ४२ हजार लगानी गर्ने लक्ष्य रहेकोमा रु. ८ करोड ८८ लाख १८ हजार लगानी भई लक्ष्यको ५५ प्रतिशत प्रगति भएकोछ (**अनुसूची- ६**) ।

(छ) **साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना (दोस्रो चरण)**:

यस कार्यक्रम आ.व. २०७४।७५ मा कोष मार्फत रु.१२ करोड ४४ लाख ८ हजार ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा कूल रु. १० करोड ७० लाख ६३ हजार लगानी भई लक्ष्यको ८६ प्रतिशत प्रगति भएको छ (**अनुसूची-७**) ।

(ज) **साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना (तेस्रो चरण)** :

आ.व. २०७४।७५मा यस कार्यक्रम अन्तर्गत रु. ८६ करोड लगानी (शहरी खानेपानी तथा सरसफाई आयोना सहित) गर्ने लक्ष्य राखिएकोमा रु.३९ करोड १ लाख ६४ हजार लगानी भई लक्ष्यको ४५ प्रतिशत प्रगति भएको छ (**अनुसूची -८** ) ।

(झ) **काठमाण्डौं दीगो शहरी यातायात आयोजना**:

यस आयोजनाका लागि यस आ.व.२०७४।७५ मा न्यून प्रदुषण युक्त सार्वजानिक यातयात, बस विसौनी, बस धनीलाई अनुदान (Incentive) का लागि ऋण रु. २४ करोड र अनुदान रु. ६ करोड प्रवाह गर्ने लक्ष लिइएको थियो । काठमाण्डौ उपत्यकामा २ वटा रुटमा वस सेवा सञ्चालन गरिने योजना रहेकोमा हाललाई एउटा रुटमा मात्र सेवा सञ्चालन हुने सम्भाब्यता देखिएको र सो आयोजनाको अधिकांस भुक्तानीको हिस्सा अर्को आ.व.मा दायित्व सरेको कारण अनुदान तर्फ रु. १ करोड ४ लाख हजार लगानी भई न्यून प्रगति भएको छ

।

(**अनुसूची - ९**)

(ञ) **प्रतिफलमा आधारित अनुदानका लागि विश्वव्यापी साझेदारी कार्यक्रमः**

आ.व.२०७४।७५ मा यस आयोजना अन्तर्गत ५ वटा नगरपालिकाहरु (धनकुटा, पोखरा, ललितपुर, तानसेन र घोराही) मा फोहरमैला व्यवस्थापनका लागि नतिजामा आधारित अनुदान (Output Based Subsidy) को लक्ष्य रु. २३ करोड राखिएकोमा रु. १८ करोड २६ लाख ८१ हजार खर्च भई लक्ष्यको ७९ प्रतिशत प्रगति भएको छ (**अनुसूची -१०**) ।

### ३.२ व्यवसाय प्रबर्द्धन तथा क्षमता अभिबृद्धि :

व्यवसाय प्रबर्द्धन तथा ऋण असुलीलाई प्रभावकारी बनाउनका निम्ति आ.व. २०७४।७५ मा विशेष गरी नगरपालिका तथा साना शहरहरुका लागि अनुशिक्षण कार्यक्रम, ऋण वहन क्षमता अध्ययन तथा वित्तीय योजना तयारी, कोषको लगानीमा निर्मित आयोजनाहरुको मर्मत–संभार एवं संचालन-व्यवस्थापन सम्बन्धी अध्ययन, ऋण असुली अभिबृद्धिका लागि प्राविधिक सहयोग जस्ता कार्यहरुका लागि रु. १ करोड ७५ लाख खर्च अनुमान गरिएको मा आन्तरिक श्रोतबाट रु. १६ लाख पैंसाठी हजार.खर्च भई लक्षको १० प्रतिशत खर्च भएकोछ (**अनुसूची - ११**) भने नेपाल सरकारबाट प्राप्त अनुदानबाट रु. ९५ लाख ८४ हजार (**अनुसूची - ३ क**) खर्च भएको छ ।

## ४. व्यावसायिक योजना प्रबर्द्धन, संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन :

### ४.१ संस्थागत विकास, तालिम र कानूनी व्यवस्था :

व्यावसायिक योजना (आ.व.२०७३।७४ –२०७७।७८) ले निर्देशित गरे अनुरुप कोषको रणनैतिक कार्ययोजना अनुरुप तालिम, कोषको संस्थागत पुनःसंरचना र सुदृढीकरण तथा यसका नीतिगत एवं कानूनी व्यवस्थाहरुका सम्बन्धमा निर्धारित कार्यहरुको कार्यान्वयन गर्नका लागि आ.व. २०७४।७५ मा एशियाली विकास बैंकको स्रोतवाट रु. १ करोड २३ लाख ५० हजार र कोषको आन्तरिक श्रोतवाट रु. २० लाख गरि जम्मा रु. १ करोड ४३ लाख ५० हजार बजेट व्यवस्था गरिएकोमा एशियाली विकास बैंकको स्रोतवाट रु. १ करोड १४ लाख ९ हजार खर्च भई लक्षको करिब ८० प्रतिशत खर्च भएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची- १२** मा दिइएको छ ।

### ४.२ कोषको लागि कार्यालय भवन, आवश्यक फर्निचर, कार्यालय उपकरण तथा सफ्टवेयरहरुको व्यवस्थाः

कोषको बढ्दो कार्यक्षेत्रले सृजना गरेको आवस्यकता एवं दातृसंस्थाहरुसँग भएका सम्झौता अनुसारका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको सन्दर्भमा आवश्यक Logistic को व्यवस्था गर्नुपर्ने भएकोले आवस्यक उपकरणहरु (कम्प्युटर, प्रिन्टर, भिडियो कन्फरेन्स सेट) खरिद गर्न तथा कोषको भवनको डिजाईन तथा निर्माण कार्य सहितका लागि रु. ३ करोड

९२ लाख बजेट व्यवस्था गरिएकोमा केही फर्नीचरहरु तथा कार्यालय उपकरण खरिद गरी जम्मा खर्च रु ५ लाख ७० हजार खर्च भएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-(१३)** मा दिइएको छ।

## ५. कोषको वित्तीय व्यवस्थापन तथा सुदृढीकरणः

नगरपालिका, साना शहरहरु तथा शहरी विकाससँग सम्बन्धित अन्य निकायहरुद्वारा माग हुने ऋण तथा अनुदान लगानीका लागि माग बमोजिम उपलब्ध गराउनका लागि कोषको पूँजी कोषमा आवश्यक बृद्धि गर्दै नेपाल सरकार वा अन्य दातृ निकायहरुबाट थप स्रोतहरु परिचालन गर्नका लागि पहल गर्नुपर्ने आवश्यकता देखिएको छ। कोषको पूँजी कोषमा आवश्यक बृद्धि गर्ने आवश्यकतालाई परिपूर्ति गर्नका लागि आ.व.२०७४।७५ मा गरिने ऋण तथा अनुदान लगानी, ऋण असुली, ऋण भुक्तानी, संचालन आम्दानी, खर्च व्यवस्थापन एवं पूँजी कोष बृद्धि सम्बन्धमा गरिएका लक्ष्यहरुको प्रगति देहाय वमोजिम रहेको छ।

### ५.१ ऋण तथा अनुदान लगानीः

आ.व. २०७४।७५ का लागि तर्जुमा गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि नेपाल सरकार, दातृ निकाय, चक्रिय कोष तथा कोषको आफ्नो पूँजी कोष समेतको परिचालन गरी ऋण तथा अनुदान नीति अनुसार जम्मा रु. ५५ करोड ८० लाख ५१ हजार अनुदान तथा रु. २ अर्व ५८ करोड ७४ लाख ५ हजार ऋण लगानी गरी कुल रु. ३ अर्व १४ करोड ५४ लाख ५६ हजार अनुदान तथा ऋण लगानी गर्ने लक्ष्य अनुसार कोषद्वारा गरिने लगानी संबद्ध नगरपालिकाहरु एवं केन्द्रिय तहका आयोजना व्यवस्थापन समन्वय कार्यालयहरुको कार्य प्रगतिमा समेत भरपर्ने अवस्था लगायतका कारणले जम्मा रु. १ अर्व ३ करोड ३३ लाख ४० हजार ऋण तथा रु. २६ करोड ८८ लाख ८८ हजार अनुदान गरी कूल रु.१ अर्व ३० करोड २२ लाख २८ हजार लगानी भई लक्ष्यको ४१ प्रतिशत प्रगति भएको छ। साथै लगानी नीति अनुसार सहुलियत अवधि (Grace Period) भित्रका ऋणको ब्याज पूँजिकृत भई रु. ५ करोड ७४ लाख १५ हजार लगानीमा थप भएको छ (**तालिका नं. ५**)।

<u>**तालिका नं. ५**</u>

## आ.व. २०७४।७५मा लक्षित ऋण तथा अनुदान लगानीको प्रगति विवरण

**रु. हजारमा**

| सि. नं. | नेपाल सरकार वा दातृ निकाय | | कार्यक्रम / आयोजना | आयोजनाको बाँकी अवधि | लक्ष्य | | | प्रगति (लगानी प्रवाह) | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | अनुदान | ऋण | जम्मा | अनुदान | ऋण | जम्मा | |
| १ | के.एफ.डब्ल्यू. | १.१ | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण | सन् २०१७ सम्म | ३७,०५१ | ४२४,९५५ | ४६२,००६ | १२,४८९ | १५८,३९२ | १७०,८८१ | ३७% |
| | | १.२ | नेपाल सरकार म्याचिङ्ग अनुदान | | ५०,००० | - | ५०,००० | १६,७९४ | - | १६,७९४ | ३४% |
| | | | **जम्मा** | | **८७,०५१** | **४२४,९५५** | **५१२,००६** | **२९,२८३** | **१५८,३९२** | **१८७,६७५** | **३७%** |
| | | १.३ | जिल्ला स्वास्थ्य कार्यक्रम | | - | - | - | ३४८ | - | ३४८ | |
| २ | नगर विकास कोष (चक्रिय कोष) | २.१ | के.एफ.डब्ल्यू. चक्रिय कोष | सालवसाली | - | १९१,००० | १९१,००० | - | २४,१३७ | २४,१३७ | १३% |
| | | २.२ | नेपाल सरकार म्याचिङ्ग अनुदान ( निर्माण) | | १७१,००० | - | १७१,००० | ३६,९४० | - | ३६,९४० | २२% |
| | | २.३ | नेपाल सरकार म्याचिङ्ग अनुदान ( परामर्श सेवा ) | | १०,००० | | १०,००० | ९,५८४ | - | ९,५८४ | ९६% |
| **जम्मा** | | | | | **१८१,०००** | **१९१,०००** | **३७२,०००** | **४६,५२४** | **२४,१३७** | **७०,६६१** | **१९%** |
| ४ | विश्व बैंक | | प्रतिफलमा आधारित अनुदानका लागि विश्वव्यापी साझेदारी कार्यक्रम | सन् २०१८ सम्म | २३०,००० | - | २३०,००० | १८२,६८१ | - | १८२,६८१ | ७९% |
| ५ | एशियाली विकास बेंक | | दोस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | सन् २०१७ सम्म | - | १२४,४०८ | १२४,४०८ | - | १०७,०६३ | १०७,०६३ | ८६% |
| ६ | एशियाली विकास बैक | | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | सन् २०२१ सम्म | - | ८६०,००० | ८६०,००० | - | ३९०,१६४ | ३९०,१६४ | ४५% |
| ७ | एशियाली विकास बैक | | मझौला सहर एकीकृत सहरी वातावुरणीय सुधार आयोजना | सन् २०१७ सम्म | - | ३००,००० | ३००,००० | - | ११३,८०५ | ११३,८०५ | ३८% |
| ८ | एशियाली विकास बैक | | एकीकृत सहरी विकास आयोजना | सन् २०१८ सम्म | - | २८७,००० | २८७,००० | - | १५०,९६१ | १५०,९६१ | ५३% |
| ९ | एशियाली विकास बैक | | काठमाण्डौ दिगो शहरी यातायात आयोजना | सन् २०१८ जुन सम्म | ६०,००० | २४०,००० | ३००,००० | १०,४०० | - | १०,४०० | ३% |
| १० | नगर विकास कोष | | साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना, प्रथम चरण, पुनः निर्माण आयोजना | सन् २०१८ सम्म | - | १६०,०४२ | १६०,०४२ | - | ८८,८१८ | ८८,८१८ | ५५% |
| **कुल जम्मा** | | | | | ५५८,०५१ | २,५८७,४०५ | ३,१४५,४५६ | २६८,८८८ | १,०३३,३४० | १,३०२,२२८ | ४१% |
| **नोट : यस आ.व. मा सहुलियत अवधिका ऋणको पूँजिकृत ब्याज रु.** | | | | | | | | | | ५७,४१६ | |

**नोटः** कुल लगानी लक्ष रु. ३ अर्व १४ करोड ५४ लाख ५६ हजार मध्ये कोषको आन्तरिक श्रोतवाट ३९ करोड ५४ लाख ५० हजार ब्यहोरिने गरि बजेट विनियोजन गरिएकोमा कोषको आन्तरिक स्रोत वाट रु. १३ करोड ७५ लाख ६० हजार लगानी भएको छ ।

## ५.२ ऋण असुली तथा भुक्तानीः

आ.व. २०७४।७५ मा कोषको ऋण असुली तथा ऋण भुक्तानीमा सुधार भई सोको अवस्था ऋण असुली तथा भुक्तानी सम्बन्धमा भएका प्रगतिको अवस्था देहाय वमोजिम रहेको छ ।

### (क) ऋण असुलीतर्फः

आ.व. २०७४।७५ सम्मको असुली हुनुपर्ने कूल रकम रु. ६७ करोड मध्ये आ.व २०७४।७५ मा रु. ४९ करोड ८० लाख असुली गर्ने बार्षिक लक्ष्य राखिएकोमा अग्रिम असुली समेत गरी जम्मा रु.५३ करोड ९७ लाख ऋण असुली भई लक्ष्यको १०८ प्रतिशत र कुल बक्यौताको ८१ प्रतिशत प्रगति भएको छ (**तालिका नं. ६**) । यस सम्बन्धी आयोजना अनुसारको विस्तृत थप विवरण **अनुसूची–३४** मा दिईएको छ ।

# तालिका नं. ६: आ.व. २०७४।७५ को ऋण असुलीको प्रगति अवस्था

रु.दश लाखमा

| सि.नं क | कार्यक्रम | २०७४ आषाढ मसान्तसम्मा ऋण बाँकी | २०७४ आषाढ मसान्तसम्ममा उठाउन बाँकी | | | आ.व. २०७४।७५ मा उठाउनु पर्ने | | | २०७५ आषाढ मसान्तसम्ममा उठाउन पर्ने | | | आ.व. २०७४।७५ मा उठाउने लक्ष्य | | | आ.व. २०७४।७५ को प्रगती | | | आ.व. २०७४।७५ को प्रगती प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | आ.व ०७४।७५ को लक्ष्य अनुसार | आ.व ०७४।७५ सम्मको उठाउनु पर्ने अनुसार |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण (के.एफ.डब्लु.) | १८६ | (१३) | १५ | २ | २३ | १५ | ३८ | ९ | ३० | ४० | १३ | १८ | ३१ | २३ | १८ | ४१ | १३२% | १०३% |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | २९५ | (१६) | १ | (१५) | २० | २० | ४० | ४ | २१ | २५ | १३ | २१ | ३४ | ३२ | २५ | ५७ | १६७% | २२६% |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | १२७ | ६ | ८ | १४ | १३ | १० | २३ | १९ | १७ | ३६ | ११ | ११ | २२ | १३ | ११ | २४ | १०९% | ६७% |
| ४ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ५६७ | २६ | २९ | ५५ | ६२ | ३९ | १०१ | ८८ | ६८ | १५६ | ३४ | ४३ | ७७ | ५६ | ३५ | ९१ | ११८% | ५८% |
| ५ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुन:निर्माण आयोजना) | २४९ | ४ | १ | ५ | ११ | १३ | २४ | १५ | १४ | २९ | १४ | १४ | २८ | १२ | ११ | २३ | ८१% | ७८% |
| ६ | सहरी शासकीय क्षमता विकास कार्यकम ( विश्व बैंक ऋण) | १७० | - | - | - | - | ९ | ९ | - | ९ | ९ | - | ९ | ९ | १ | ९ | १० | ११४% | ११४% |
| ७ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | १०५ | १ | २ | ३ | १२ | १० | २२ | १३ | ११ | २४ | १३ | ११ | २४ | ३० | ८ | ३८ | १५९% | १५७% |
| ८ | दोस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १,९२३ | | | - | २ | ९६ | ९८ | ६१ | ११२ | १७३ | - | ११२ | ११२ | ६८ | ८२ | १५० | १३४% | ८७% |
| ९ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना ( ए.डि.वी) | ८१२ | - | - | - | १२ | ४० | ५२ | १२ | ४० | ५२ | - | ४० | ४० | ० | २९ | २९ | ७३% | ५६% |
| १० | एकीकृत वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ६५३ | - | - | - | - | ३३ | ३३ | - | ३३ | ३३ | - | ३३ | ३३ | ० | ३७ | ३७ | ११३% | ११३% |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ६४२ | - | - | - | - | ३२ | ३२ | - | ३२ | ३२ | - | ३२ | ३२ | - | ४० | ४० | ११३% | ११३% |
| **जम्मा (क)** | | **५,७२९** | **८** | **५६** | **६४** | **१५५** | **३१७** | **४७२** | **२२२** | **३८७** | **६०९** | **९८** | **३४४** | **४४२** | **२३५** | **३०५** | **५४०** | **१२२%** | **८९%** |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ख** | **नयाँ लगानीवाट ऋण असुल गर्ने लक्ष्य** | | | | | | | | | | | | | | | | - | | |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण (के.एफ.डब्लु.) | | | | | | ५ | ५ | - | ५ | ५ | | ४ | ४ | | | - | | |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | | | | | | ९ | ९ | - | ९ | ९ | | ९ | ९ | | | - | | |
| ३ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुनःनिर्माण आयोजना) | | | | | | ४ | ४ | - | ४ | ४ | | ५ | ५ | | | - | | |
| ४ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | | | | | | ६ | ६ | - | ६ | ६ | | ३ | ३ | | | - | | |
| ५ | काठमाण्डौं दिगो  शहरी यातायात | | | | | | ०.४५ | ०.४५ | | | | | | | | | | | |
| | जम्मा (ख) | - | - | - | - | | २४ | २४ | - | २४ | २४ | - | २१ | २१ | - | - | - | - | - |
| | **जम्मा (क र ख)** | **५,७२९** | **८** | **५६** | **६४** | **१५५** | **३४१** | **४९६** | **२२२** | **४११** | **६३३** | **९८** | **३६५** | **४६३** | **२३५** | **३०५** | **५४०** | | |
| **(ग) व्याज पूँजीकृत हुने आयोजनाहरु ( नयाँ लगानीवाट)** | | | | | | | | | | | | | | | | | - | | |
| १ | दोस्रो साना शहरी खानेपान तथा सरसफाई आयोजना (ए.डी.बी. ) | | - | - | - | २ | २ | ४ | २ | २ | ४ | - | २ | २ | - | - | - | | |
| २ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना ( ए.डि.वी) | | - | - | - | | ७ | ७ | - | ७ | ७ | - | ७ | ७ | - | - | - | | |
| ३ | भूकम्पवाट क्षती भएका आयोनाहरुवाट व्याज | | | | | | १ | १ | - | १ | १ | - | १ | १ | - | - | - | | |
| ४ | एकीकृत वातावरणीय सुधार आयोजना (ए.डि.वी) | | | | | | ६ | ६ | - | ६ | ६ | | ६ | ६ | - | - | - | | |
| ५ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | | | | | | १९ | १९ | - | १९ | १९ | | १९ | १९ | | | - | | |
| | **जम्मा (ग)** | | - | - | - | २ | ३५ | ३७ | २ | ३५ | ३७ | - | ३५ | ३५ | - | - | - | - | - |
| **कूल जम्मा (क,ख र ग गरी)** | | **५७२९** | **८** | **५६** | **६४** | **१५७** | **३७६** | **५३३** | **२२४** | **४४६** | **६७०** | **९८** | **४००** | **४९८** | **२३५** | **३०५** | **५३९.७०** | **१०८%** | **८१%** |

## (ख) ऋण भुक्तानीतर्फः

विभिन्न दातृ निकायहरुको सहयोगमा संचालित कार्यक्रम तथा आयोजनाहरुका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी नेपाल सरकार मार्फत विभिन्न मितिमा भएका सहायक ऋण सम्झौता अनुसार छ वटा कार्यक्रमलाई प्राप्त ऋणको सहुलियत अवधि बाँकी रहेका र नियमित भुक्तानी गर्नु पर्ने भएकाले सोहि बमोजिम कोषले भुक्तानी गर्दै आएको छ । आ.व. २०७४।**७५**मा कोषले नेपाल सरकारसँग गरेको सहायक ऋण सम्झौता अनुसार भुक्तानी गरेको साँवा तथा ब्याजको अवस्था निम्नानुसार रहेको छ (**तालिका ७**) ।

## तालिका नं. ७

## नेपाल सरकारलाई आ.व. २०७४।७५ मा भुक्तानी गरेको साँवा तथा ब्याजको भुक्तानी प्रगति अवस्था

रकम रु. लाखमा

| सि. नं. | विवरण | लक्ष्य | | | | | | | | | प्रगती | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. ०७३।७४ को अन्त सम्मको भुक्तानी बक्यौता | | | आ.व. ०७४।७५ को नियमित भुक्तानी गर्नु पर्ने किस्ता | | | आ.व. ०७४।७५ सम्ममा भुक्तानी गर्नु पर्ने कूल रकम | | | आ.व. ०७४।७५ मा भुक्तानी गरेको कूल रकम | | | |
| | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | % |
| १ | सहरी वातावरणीय सुधार आयोजना ( UEIP/ADB) | ४३४ | १४८ | ५८२ | १०६ | ७४ | १८० | ५४० | २२२ | ७६२ | ११७ | ६३ | १८० | १००% |
| २ | सहरी शासकिय क्षमता विकास कार्यक्रम (UGDP:ETP/IDA) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | | | | | |
| ३ | दोश्रो साना सहरी खानेपानी (STWSSSP-II/ADB) | यस आयोजना का लागि प्राप्त ऋण रकम नेपाल सरकारको शेयर लागानी को रुपमा रहने गरी ईक्वीटीमा परिणत गर्ने मिति २०७१।०९।२४ को मन्त्रिपरिषको निर्णय भएको । | | | | | | | | | | | | |
| ४ | मझौला सहर एकिकृत वातावरणीय सुधार आयोनजा (STIUEIP/ADB) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | | | | | |
| ५ | एकिकृत सहरी विकास आयोनजा (IUDP/ADB) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | | | | | |
| ६ | तेस्रो साना सहरी खानेपानी (STWSSSP-II/ADB) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | | | | | |
| | जम्मा | ४३४ | १४८ | ५८२ | १०६ | ७४ | १८० | ५४० | २२२ | ७६२ | ११७ | ६३ | १८० | १००% |

## ५.३ आम्दानी, खर्च तथा बचत व्यवस्था :

कोषको आ.व.२०७४।७५ का लागि स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन एवं कोषको नियमित संचालन व्यवस्थापनका लागि विनियोजित आय व्ययको प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

### (क) आम्दानीतर्फ :

कोषको व्यवसाय संचालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानी समेतवाट आ.व. २०७४।७५ मा कूल रु.४६ करोड ५४ लाख ५० हजार आम्दानी हुने अनुमान गरिएकोमा जम्मा रु. ४४ करोड ३८ लाख ३० हजार आम्दानी हुन गई ९५ प्रतिशत प्रगति हासिल भएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची–१४** मा दिईएको छ ।

(१) **व्यवसायिक/सञ्चालन आम्दानी:**

कोषको संचालन आम्दानीका स्रोतहरुमा मूलतः ऋण लगानी गर्दा प्राप्त हुने ब्याज आम्दानी र अनुदान लगानीबाट प्राप्त सेवा शुल्कवाट जम्मा रु. ३४ करोड ४० लाख अनुमान रहेकोमा रु. ३० करोड ४२ लाख ३६ हजार आम्दानी भई अनुमानको ८८ प्रतिशत प्रगति हासिल भएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची–१४** मा दिईएको छ।

(२) **गैह्र ब्यावसायिक आम्दानी:**

कोषको बचत रकमको परिचालनवाट प्राप्त बैंक व्याज, संस्थागत विकास तथा सुदृढिकरणका लागि शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम अन्तर्गत एशियाली विकास बैक मार्फत आ.व. २०७४।७५मा विज्ञहरुको पारिश्रमिक समेत गरी अनुदान स्वरुप रु. १२ करोड १४ लाख ५० हजार प्राप्त हुने अनुमान गरिएकोमा रु. १३ करोड ९५ लाख ९४ हजार आम्दानी भई लक्ष्यको ११५ प्रतिशत प्रगति भएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची–१४** मा दिईएको छ।

**(ख) खर्च तर्फ:**

आ.व. २०७४।७५मा कोषको व्याज खर्च, कर्मचारी खर्च र कार्यालय संचालन खर्च, संस्थागत विकास, ब्यवसाय प्रबर्द्धन तथा परामर्श सेवा समेतका लागि कूल खर्च रु. १७ करोड ९४ लाख ५० हजार अनुमान गरिएकोमा कूल रु. १३ करोड ३८ लाख २ हजार खर्च भई अनुमानको ७५ प्रतिशत खर्च हुन गएको छ। यस सम्वन्धी विस्तृत विवरण **अनुसूची १५** मा दिइएको छ।

**१. नियमित तथा संस्थागत विकास, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च :**

आ.व. २०७४।७५मा कोषको व्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, संस्थागत विकास सम्बन्धी परामर्श सेवा, तालिम, गोष्ठी आदि कार्यका लागि गरी कूल खर्च रु. १७ करोड ९४ लाख ५० हजार अनुमान गरिएकोमा कूल रु. १३ करोड ३८ लाख २ हजार खर्च भई अनुमानको ७५ प्रतिशत खर्च हुन गएको छ। यस सम्वन्धी विस्तृत विवरण **अनुसूची-१५** मा दिइएको छ।

**२.आन्तरिक पूँजीगत खर्च:**

आ.व. २०७४।७५मा कूल पूँजीगत खर्चतर्फ रु. ३ करोड ९२ लाख अनुमान गरिएकोमा रु. ५ लाख ७० हजार मात्र खर्च भएको छ। यस शीर्षक अन्तर्गत विनियोजनको बजेट मध्ये केही फर्नीचर तथा कार्यालय उपकरणहरुमा मात्र खर्च भएको छ (**अनुसूची -१५**)।

### (ग) वचत:

माथि उल्लेख गरिए अनुसार कूल आम्दानी रु. ४६ करोड ५४ लाख ५० हजारमा कूल संचालन खर्च रु. १७ करोड ९४ लाख ५० हजार घटाउँदा कूल संचालन वचत रु. २८ करोड २५ लाख ५० हजार हुने अनुमान गरिएकोमा वास्तविक कूल आम्दानी रु. ४४ करोड ३८ लाख ३० हजार मा कूल खर्च रु. १३ करोड ३८ लाख २ हजार घटाउँदा रु. ३१ करोड २८ हजार वचत हुन गई अनुमानको ११० प्रतिशत प्रगति हुन गएको छ। उक्त बचतमा कर वापत रु. ६ करोड १७ लाख २४ हजार कट्टा गर्दा रु.२४ करोड ८३ लाख ३ हजार बराबरको रकम बचत गरी अनुमानको ९८ प्रतिशत प्रगति हासिल भएकोछ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची -१६** मा दिईएको छ।

## ५.४. पूँजी बृद्धितर्फ :

कोषको पूँजि रु. ४ अर्व १४ करोड ७ लाख ९२ हजार मा आ.व. २०७४।७५ मा रु. १ अर्व १३ करोड ६८ लाख १८ हजार थप भई रु. ५ अर्व २५ करोड ५ लाख ३१ हजार हुने अनुमान गरिएकोमा आ.व. २०७४।७५ को अन्त सम्ममा रु. ४३ करोड ६१ लाख ९ हजार थप भई कुल पूँजी कोष रु. ४ अर्व ५७ करोड ६९ लाख १ हजार पुगेकोछ (तालिका नं. ८)।

**तालिका नं. ८**

**आ.व.२०७४।७५को अन्त सम्ममा न.वि.कोषको पूँजी कोष (Capital Fund) को अवस्था**

| विवरण | आ.व. ०७३।७४ को बास्तबिक अवस्था बजेट किताब अनुसार | आ.व. ०७३।७४ को बास्तबिक अवस्था लेखा परिक्षण अनुसार | आ.व. ०७४/७५ मा अनुमानित थप हुने | आ.व. ०७४/७५ को अन्त सम्म हुने अनुमानित अवस्था | आ.व. ०७४।७५ को बास्तबिक अवस्था |
|---|---|---|---|---|---|
| नेपाल सरकारको ईक्वीटी | २,४५८,३६८,१८५ | २,४५८,३६८,१८५ | २४८,०७०,००० | २,७०६,४३८,१८५ | २,४५८,३६८,१८५ |
| न.वि.कोष जगेडा वा बचत कोष (Reserve Fund) | ५९०,३८०,११० | ६१४,८२९,७०० | २१६,०००,००० | ८०६,३८०,११० | ८६३,१३३,४४८ |
| चक्रकोष (Revolving Fund) | ५७८,१४९,३६७ | ५९३,२०८,२३६ | १३,४४०,००० | ५९१,५८९,३६७ | ८३४,७६१,१६० |
| उठ्न बाँकी ऋण (KFW- Loan Disposition Fund) | ४८१,४५०,०८१ | ४६९,०२१,६४९ | ४२०,६०६,००० | ९०२,०५६,०८१ | ४१४,१७३,६९५ |
| पुँजीगत अनुदान कोष (Capital Grant Fund) | ५,३६४,६७७ | ५,३६४,६७७ | (१,२९७,२६६) | ४,०६७,४११ | ६,४६५,५०२ |
| उठ्न बाँकी ऋण (KSUTP) | | | २४०,०००,००० | २४०,०००,००० | - |
| **जम्मा** | ४,११३,७१२,४२० | ४,१४०,७९२,४४७ | १,१३६,८१८,७३४ | ५,२५०,५३१,१५४ | ४,५७६,९०१,९९० |

## भाग -३

## आर्थिक वर्ष २०७५।७६ को नीति, कार्यक्रम तथा बजेट

भाग-१ को समग्र प्रगति सार संक्षेप र भाग-२ मा गरिएको आ.व. २०७४।७५ को प्रगति समीक्षा एवं कोषको ब्यावसायिक योजना (२०७३।०७४-२०७६।०७७) का आधारमा कोषको आ.व. २०७५।७६ का लागि देहाय बमोजिमको नीति, कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ ।

### १.कोषका उद्देश्यहरुः

नगर विकास कोष ऐन, २०५३ को दफा ३ मा नगरको निर्माण, विकास तथा विस्तार गर्न तथा सो सम्बन्धी कार्य गर्ने नगर विकाससँग सम्बन्धित निकायहरुलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नका लागि नगर विकास कोषको स्थापना गरिएको उल्लेख छ । सोही ऐनको दफा ५ मा कोषका उद्देश्यहरु निम्न वमोजिम उल्लेख गरिएको छ :

(क नगर विकाससँग सम्वन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजनाहरु संचालनगर्ने गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनु पर्ने सम्भाव्य सुधारहरुको सम्वन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने गराउने ।

आ.व.२०७५।७६को बजेट सम्बन्धी उद्देश्य, नीति, रणनीति तथा कार्यनीतिहरुको निर्धारण गर्दा कोषका उल्लिखित उद्देश्यहरु परिपूर्ति हुने गरी तयार पारिएको छ ।

### २. कार्यकम तथा बजेटका उद्देश्यहरुः

नगर विकास कोष ऐन, २०५३ अनुसार कोषका लागि निर्धारित उद्देश्यहरु प्राप्तिका लागि आ.व. २०७५।७६ को बजेटमा निम्नानुसार वजेटका उद्देश्यहरु निर्धारण गरेको छः

(क) यस कोषलाई नेपालको शहरी विकासको नेतृत्वदायी वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गर्ने ।

(ख) नेपाल सरकार एवं विभिन्न दातृ संस्थाहरुद्वारा शहरी क्षेत्रको विकासका लागि कोष मार्फत गरिने ऋण लगानीलाई प्रभावकारी एवं दिगोरुपमा परिचालन गर्ने/गराउने ।

(ग) नेपालको दीगो शहरी विकासका निम्ति नगरपालिका एवं साना शहरहरुमा पूर्वाधार विकासका लागि आवश्यक पर्ने क्षमता अभिबृद्धिका निम्ति सहयोग पुर्याउने ।

(घ) नेपाल सरकारको लगानी नीति अनुरुप कोषवाट शहरी पूर्वाधार विकासमा गरिने लगानीलाई दिगो बनाउने ।

(ङ) नेपालको शहरी क्षेत्रको विकासका लागि वित्तीय/प्राविधिक मागको पूर्तिका निम्ति आयोजना बैंक तयार गर्ने तथा वैकल्पिक लगानीका स्रोतहरुको पहिचान र परिचालन गर्ने/गराउने ।

(च) नेपालको योजनावद्ध शहरी विकास प्रकृयामा टेवा पुर्‍याउने ।

(छ) संघीय संरचना अनुसार स्थानीय तहमा ऋण परिचालन मार्फत पुर्वाधार विकास गर्न थप अवसर र चुनौती रहेको सन्दर्भमा कोषको भूमिकामा अपेक्षित वृद्धि गर्न आवश्यक देखिएकाले कोषको संस्थागत संरचना, पूँजी संरचना र संस्था विकास योजना सहित कोषको पुन: संरचना गर्न आवस्यक कार्यहरु गर्ने ।

**३.रणनीतिहरुः**

कोषले आ.व. २०७५।७६ का लागि प्रस्ताव गरेका रणनीतिक कार्ययोजनाहरु देहाय वमोजिम रहेको छ ।

(अ) <u>बाहय रणनीतिक कार्ययोजना तथा कार्यनीतिहरु:</u>

(क) **नगरपालिका एवं उपभोक्ता संस्थाहरुको वित्तिय जोखिम व्यवस्थापन** (Fiduciary Risk Management), **ऋण वहनक्षमता** (Borrowing Capacity Assesment) **तथा वित्तिय श्रोत परिचालनका लागि Credit Rating गर्ने र सो सम्बन्धी कार्यविधि तथा मापदण्ड तयार पार्न सहयोग पुऱ्याउनेः**

कोषद्वारा गरिने ऋण लगानीको जोखिम व्यवस्थापन गर्न तथा यसको व्यावसायिक अभिवृद्धिका लागि नगरपालिकाहरुको ऋण वहन क्षमता अद्यावधिक गर्ने प्रणालीको विकास गरिनेछ भने तथा Credit Rating प्रक्रिया अगाडी वढाउन केही नगरपालिकालाई सहयोग गरिनेछ ।

ख) **कोषको व्यवसाय प्रवर्द्धन तथा व्यवसाय विस्तार कार्ययोजना तयार पारी कार्यान्वयनमा ल्याउनेः**

कोषको व्यवसाय प्रवर्द्धनका लागि उपयुक्त विषयहरु चयन गरी नगरपालिकाहरु लाई प्रादेशिक तहमा नगर प्रमुखहरु विच कार्यशाला गोष्ठीको आयोजना गरिने छ । यस कार्यशाला अवधिमा नगरपालिकाको दिर्घकालिन लगानी योग्य योजना तयार गर्न, र हाल कोषको लगानी परिचालन भै सञ्चालनमा रहेका आयोजनाहरुलाई तोकिएको समयमा सम्पन्न गर्न अपनाइनु पर्ने रणनीतिक कियापलापहरु लगायतका विषयमा छलफल गरिनेछ ।

(ग) **राष्ट्रिय शहरी पूर्वाधार लगानी तथा स्थानीय ऋण परिचालन सम्बन्धी नीति तथा कार्ययोजना तयार पार्न प्राविधिक सहयोग पुर्‍याउनेः**

स्थानीय तहको वित्तीय स्रोत परिचालन गर्न आवस्यक नीति, ऐन तथा कार्ययोजना तयार गर्न र स्थानीय ऋण परिचालनमा कोषले आवश्यक प्राविधिक सहयोग पुचाउनेछ ।

(घ) **नगरपालिकाहरुको राजश्व सुधार कार्ययोजना तयार पार्न सहयोग गर्ने :**

नगरपालिकाहरुको राजश्व सुधार कार्ययोजना मार्फत नगरपालिकाको ऋण वहन क्षमता वढाउन तथा प्रभावकारी रुपमा वित्तीय स्रोत परिचालन गर्नका लागि सम्वन्धित नगरपालिकाहरुमा राजश्व सुधार कार्ययोजना तयार गर्न प्राविधिक सहयोग परिचालन गरिनेछ ।

(ङ) **नगरपालिका तथा खानेपानी उपभोक्ता संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने :**

नगरपालिकाका इन्जिनियर तथा आयोजनासंग सम्बन्धित कर्मचारीहरुका लागि खरिद प्रक्रियामा सम्बन्धी आवश्यक तालिम सञ्चालन गरिनेछ ।

साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुका सदस्य तथा कर्मचारीहरुलाई संस्थाको ब्यावसायिक योजना तयार गर्न, शुल्क निर्धारण गर्न, कम्प्युटरीकृत लेखा प्रणाली लागु गर्न तथा सूचना प्रविधिको प्रयोगबाट आयोजनाहरुको दिगो सञ्चालनमा सहयोग पुऱ्याउन तथा खानेपानी ब्यवस्थापनको क्षेत्रमा सूचना प्रविधिको उच्चतम प्रविधि (Smart Water Grid Management) थालनी गर्न आवश्यक तालिम सञ्चालन गरिनेछ ।

(च) **कोषको कार्यक्षेत्रसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंगको सञ्जाल निर्माण गर्ने तथा प्राविधिक सहयोग परिचालन गर्ने ।**

कोषको संस्थागत विकास, स्रोत परिचालन तथा रणनीतिक महत्वका क्षेत्रमा आवश्यक ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्न कोषको कार्यक्षेत्रसंग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंगको सहकार्यमा आवस्यक समझदारी गरिने छ ।

यसै गरी नगरपालिकाहरुको आर्थिक विकास योजना (Local Economic Development Plan) तयार गर्न, नगरपालिकाहरुको राजश्व सुधार तथा पूँजी विकास कार्ययोजना बनाउन, नगर विकास कोषको क्षमता वृद्धि गर्नका निमित्त नगरपालिका वित्तीय ब्यवस्थापनको क्षेत्रमा विशेषज्ञता रहेको संस्था **युएन क्यापिटल डिभलपमेण्ट फण्ड** (UNCDF) को प्राविधिक सहयोग परिचालन गरिनेछ ।

साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरुमा सूचना प्रविधि (Information and Communicaiton Technology) को प्रयोगवाट Smart Grid Management System स्थापना गरि खानेपानीको प्रभावकारी ब्यवस्थापन गर्न दक्षिण कोरियाको Incheon National University को Society for Smart Water Grid Management संग आवश्यक प्राविधिक सहयोग परिचालन गरिने छ । आगामी आ.व.मा उल्लिखित संस्था लगायतका प्राविधिक क्षेत्रमा

कार्यरत संस्थाहरुसंग सहकार्यका लागि समझदारी गरी कोष र स्थानीय तहको क्षमता बढाउन प्राविधिक सहयोग परिचालन गरिनेछ ।

**(छ) संभावित श्रोत पहिचान तथा परिचालनका लागि प्रस्ताव पेश गर्ने:**

नेपाल सरकार (अर्थ मन्त्रालय) को समन्वयमा विश्व जलवायु कोष (Global Climate Fund –GCF), र NEEP, लगायत विभीन्न सहयोगी संस्थाहरुको लगानी कोष मार्फत परिचालन गर्नका लागि आयोजनाको अवधारणा पत्र तयार गरि पेश गरिनेछ। साथै सम्भावित अन्य दातृ निकायहरुको श्रोत परिचालन गर्न समेत आवस्यक पहल तथा समझदारी गरिनेछ ।

**(ज) कोषको पुनः संरचना योजना र कोषको ऐन संशोधनको मस्यौदा तयार गर्ने :**

कोषको पुनःसंरचना कार्ययोजना सहित कोषको ऐन संशोधनको अन्तिम मस्यौदा नेपाल सरकारमा स्वीकृतार्थ पेश गरिनेछ ।

**(झ) खानेपानी तथा ढल ब्यवस्थापनको महसुल निर्धारण संबन्धी निर्देशिका तयार गर्ने :**

खानेपानी आयोजनाहरुको महसुल निर्धारणको पद्धतिलाई सम सामयिक, ब्यवहारिक तथा औचित्यपूर्ण बनाउन महसुल निर्धारण सम्बन्धी सहयोगी पुस्तिका तयार गर्न आवस्यक सहयोग गरिने छ ।

(आ) आन्तरिक रणनैतिक कार्ययोजना तथा कार्यनीतिहरु

**क) कोषको पूँजीको पुनः संरचना गरी एक सवल वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा रुपान्तरण गर्न आवस्यक पहल गर्ने:**

हाल मुलुकको शहरीकरण ६० प्रतिशत भन्दा वढी भएको सन्दर्भमा शहरी पुर्वाधार विकास गर्न ऋण लगानीको मागमा ठुलो वृद्धि भएको सन्दर्भमा कोषको पूँजीको पुनः संरचना गरी एक सवल **शहरी विकास वित्तीय मध्यस्थकर्ता संस्था**को रुपमा रुपान्तरण गर्न कोषको पुनःसंरचना कार्ययोजना सहित कोषको मस्यौदा ऐन २०७४ लाई विभीन्न विज्ञहरुसंग छलफल गरी अन्तिम मस्यौदा तयार गरी नेपाल सरकारमा स्वीकृतार्थ पेश गरिनेछ ।

**(ख) सार्वजनिक नीजि साझेदारी जस्ता वैकल्पिक लगानीका क्षेत्रमा लगानी परिचालन गर्न आवश्यक नीतिगत व्यवस्था सहित लगानी गर्ने:**

वैकल्पिक स्रोत परिचालनका रुपमा सार्वजनिक नीजि साझेदारी अवधारणा अनुरुप शहरी पूर्वाधार विकासका आयोजनामा नीजि क्षेत्रको लगानी परिचालन गर्नका लागि सार्वजनिक नीजिक्षेत्र साझेदारी नीति २०७२ मा आधारित भै कोषको सार्वजनिक नीजिक्षेत्र साझेदारी नीति तथा निर्देशिका मस्यौदा तयार गरी स्वीकृत गरिने छ र कम्तिमा दुइवटा वा Pilot Project को रुपमा आयोजनाहरुमा लगानी प्रकिया अगाडी वढाइने छ। यस अन्तरगत स्थानीय

तहको सार्वजनिक नीजि साझेदारी नीति तयार गर्न आवस्यक सहयोग गरि सार्वजनिक नीजि साझेदारीका आयोजनाहरुमा लगानीको वातावरण तयार गरिनेछ ।

**(ग) कोषको आयोजना मूल्याङ्कनलाई थप चुस्त तथा प्रभावकारी बनाउन क्षेत्रगत वित्तीय मूल्याङ्कन मोडेलहरु कार्यान्वयनमा ल्याउने:**

कोषको आयोजना मूल्याङ्कन गर्न सूचना प्रविधिमा आधारित विभिन्न क्षेत्रगत वित्तीय मूल्याङ्कन मोडेलहरु (Financial Appraisal Models) तयार भै कार्यान्वयनमा रहेकोमा मोडेलहरुको आवश्यकतानुसार सुधार गरी अधिकतम उपयोग गरिनेछ ।

**(घ) कोषका कार्यकारी निर्देशक लगायत विभाग, महाशाखा एवं शाखागत रुपमा कार्य सम्पादन मूल्याङ्कन सूचकांक (KPIs) निर्धारण गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउने:**

कोषको व्यावसायिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेटका लक्ष्यहरु समेतका आधारमा विभाग, महाशाखा एवं शाखागत रुपमा कार्य सम्पादनका मुख्य सूचकांक (Key Performance Indicators- KPIs) निर्धारण गरी कोषको कार्य सम्पादनमा प्रभावकारीता ल्याइनेछ । कार्य सम्पादन सूचकांकमा आधारित मूल्याङ्कन पद्धतिलाई करारका कर्मचारीहरुको हकमा करार नविकरण र स्थायी कर्मचारीहरुको हकमा वढुवाको आधारका रुपमा उपयोग गरिनेछ । कार्य सम्पादन मूल्याङ्कनलाई परिणाममुखी वनाउन मुख्य तहमा कार्य सम्पादन सम्झौता गर्ने कार्यको थालनी गरिनेछ ।

**(ङ) कोषको कार्य संचालन प्रणालीलाई कम्प्यूटरीकृत प्रणाली (SystemAutomation)मा आधारित गराउने :**

वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा रहेको नगर विकास कोषको सम्पूर्ण कार्य प्रणालीलाई कम्प्यूटरीकृत प्रणालीमा लैजानु अत्यावश्यक रहेको सन्दर्भमा आयोजना सम्बन्धी रिर्पोटिङ्गका लागि हाल अवलम्वन गरिएको व्यवस्थापन सूचना प्रणाली (Management Information System-MIS) तथा लेखा प्रणालीको लागि प्रयोगमा ल्याइएको माइक्रो बैंकिंग प्रणाली (Micro Banking System) मा समयानुकुल परिमार्जन गर्दै लैजाने नीतिलाई निरन्तरता दिइने छ । व्यवस्थापन सूचना प्रणाली (Management Information System-MIS) तथा माइक्रो बैंकिंग प्रणाली (Micro Banking System) मा समयानुकुल थप परिमार्जन तथा स्तरोन्नती गरिनेछ । साथै नगरपालिकाहरुले चक्रीय कोष अन्तरगत कोषबाट ऋण प्राप्त गर्ने प्रक्रियालाई थप सहजीकरण गर्न डिजिटल प्रविधि मार्फत आयोजना माग गर्ने प्रणाली (online application processing system) लाई कार्यान्वयन गरिनेछ ।

**(च) प्रतिस्पर्धी खुल्ला कोष** ( Challange Fund) **मा बृद्धि गर्ने :**

शहरी क्षेत्रमा बढ्दो जनसंख्या तथा नगरपालिकाहरुको संख्यामा भैरहेको बृद्धिका कारण कोष मार्फत गरिने लगानीमा भारी बृद्धि गर्नु पर्ने अवस्था रहेको सन्दर्भमा प्रतिस्पर्धी खुल्ला कोषलाई थप विस्तार गर्ने नीति अवलम्बन गरिनेछ ।

**(छ) कोषको लागि आवश्यक जनशक्तिहरुको व्यवस्था मिलाउने :**

कोषको कर्मचारी सेवा शर्त विनियमावलीमा गरिएका ब्यवस्था बमोजिम हालको संगठन संरचना तथा स्वीकृत दरवन्दीमा आवश्यक संशोधन गरि लोकसेवा आयोगको संगठित संस्थाका कर्मचारीको सेवा शर्त संबन्धी सामान्य सिद्धान्त २०७४ अनुसार कोषलाई दैनिक कार्य संचालनमा अति आवश्यक कर्मचारीहरुको पदपूर्ति गरिनेछ ।

**(ज) कोषको व्यावसायिक योजनाको लक्ष्य अनुसार आगामी तीन वर्ष भित्रमा कोषलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको वित्तीय मध्यस्थकर्ता संस्था** Center of Excellence **को रुपमा विकसित गर्ने गरी** ISO Certificate **प्राप्ति तर्फ आवश्यक कार्य अघि बढाउने ।**

कोषको कार्यप्रणालीलाई थप विश्वसनीय तथा अन्तर्राष्ट्रिय स्तरको वनाउने सोच अनुरुप ISO Certificate प्राप्त गर्नका लागि आवश्यक कार्य पद्धतिको विकास सहित तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ । ISO Certificate प्राप्त गर्न आन्तरिक अडिट गरिनेछ ।

**(झ) कोषको भवन निर्माणका लागि नक्सा तयार तथा भवन निर्माण गर्ने:**

कोषको भवन निर्माणका लागि विस्तृत ईन्जिनियरिङ्ग डिजाईन तयार गरिनेछ र सोको आधारमा भवन निर्माणका लागि आवश्यक प्रकृया अगाडी बढाईने छ ।

**(ञ) कोषमा आयोजना बैंक (Project Bank) तयार गर्ने:**

कोषको स्रोत परिचालनलाई थप सुनिश्चित गर्न तथा आयोजना कार्यान्वयनको गतिमा प्रभावकारिता ल्याउन आयोजनाको बैंक (**Project Bank**) तयार गरिनेछ । साना आयोजनाहरुको हकमा अन लाइन मार्फत आयोजना माग गर्न वेभ साइट तयार गरिएको छ । त्यसै गरी ठुला आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक तयार गरिनेछ । आयोजना बैंक तयार गर्नका लागि रु. १ करोड नेपाल सरकारको स्रोतवाट ब्यहोरिने गरि बजेट विनियोजन गरिएको छ ।

**(ट) व्यवस्थित शहरी विकासमा योगदान पुर्‍याउन नगरपालिकाहरुको जग्गा विकास कार्यक्रममा लगानी गर्ने :**

व्यवस्थित शहरीकरणलाई प्रवर्द्धन गर्न नगरपालिकाले अगाडी सारेका शहरी पूर्वाधार सहितको व्यवस्थित जग्गा विकासका आयोजनाहरु मध्ये एउटा उत्कृष्ठ नमूना हुने किसिमले आयोजना तयार गरि कोषबाट ऋण लगानी गरिनेछ ।

**(ठ)** कोषले हाल सम्म लगानी गरेका क्षेत्रगत आधारमा यसले पारेको प्रभाव मूल्याङ्कन अध्ययन ( Impact Evaluation Study ) गराउने ।

कोषले विगत देखि शहरी पूवार्धारमा गरेका लगानी वाट सृजना भएको प्रभाव तथा पूर्वाधार निर्माणमा कोषको योगदान के कति रहेको छ सो सम्बन्धमा खानेपानी क्षेत्र, नगर विकास कार्यक्रम (KfW) र शहरी पूर्वाधार गरि ३ क्षेत्रमा विभाजन गरि कार्यक्रमको प्रभाव अध्ययन गरिने छ ।

ड) कोषका लागि आवश्यक नीति तथा निर्देशिका स्वीकृत गरि लागु गराईने छ ।

अ) ऋण असुलीलाई प्रभावकारी बनाउन लागि कोषको ऋण असुली नीति स्वीकृत गरि लागु गरिने छ ।

आ) आयोजनाहरुको गुणस्तर मापन गर्न, तोकिएको समयमा सम्पन्न भए वा नभएको हेर्न र समष्टिगतरुपमा आयोजनाको प्रभावकारिता कायम राख्नका लागि अनुगमन तथा मूल्याङ्कन निर्देशिका स्वीकृत गरी लागु गरिने छ ।

ढ) सम्भावित आयोजनाहरुमा आफ्नो पूँजि परिचालन गर्न नगर विकास कोषको पूँजि बचत रकम विगत वर्ष देखि बैंक खातामा राख्ने गरिएको छ । कोषको रकम ठूलो मात्रामा बैंक खातामा राख्नु भन्दा पनि प्राथमिकता र ब्यावसायिक सम्भाब्यताको आधारमा लगानी प्रबर्द्धन गर्न जोड दिदै आयोजनाको वित्तीय विश्लेषण गरि लगानी गर्न आवश्यक प्रकृया अगाडी बढाईने छ ।

४. <u>कार्यक्रम तथा आयोजनाहरु:</u>

कोषले आ.व. २०७५।७६ मा मूलतः विगत वर्षहरु देखि संचालित क्रमागत आयोजनाहरु तथा सोही अवधिमा विभिन्न दातृ निकायहरुसँग सम्झौता गरिएका नयाँ कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन गर्नेतर्फ विशेष ध्यान केन्द्रित गर्नेछ । यसका साथै कोषको व्यावसायिक योजनाले लक्षित गरेका कार्यक्रम तथा आयोजनाहरु एवं माथि उल्लिखित रणनैतिक कार्ययोजनाहरुको कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्था मिलाइएको छ । कोषद्वारा आ.व. २०७५।७६ मा संचालन गरिने कार्यक्रम तथा आयोजनाहरुलाई मूलतः लगानी सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु एवं लगानी प्रबर्द्धन तथा ऋण असुली सम्बन्धी कार्यक्रमहरुमा विभाजन गरिएको छ ।

### ४.१ लगानी सम्बन्धी कार्यक्रम तथा आयोजनाहरुः

आ.व. २०७५।७६मा मुख्य दातृ निकायहरु विश्व बैंक, एशियाली विकास बैंक तथा के.एफ.डब्ल्यू. को सहयोगमा संचालित विगत देखिका क्रमागत आयोजनाहरु कार्यान्वयन गरिनेछ । यसै गरी नेपाल सरकारको स्रोतवाट यस आ.व. २०७५।७६ मा प्राप्त नयाँ बजेट र कोषको समग्र ऋण परिचालनबाट असुली हुने इक्वीटि समेतबाट कोषको साझा ऋण/अनुदान लगानी नीति अनुरुप नयाँ आयोजनाहरुमा ऋण परिचालन गरिनेछ । उल्लिखित कार्यक्रम तथा आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका निम्ति कोषले सम्बन्धित मंत्रालय, विभाग, स्थानीय निकाय, उपभोक्ता, विकास साझेदार एवं नीजि क्षेत्रका संस्थाहरुसँगको सहकार्यमा जोड दिनेछ ।

**(क) नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरणः**

जर्मन विकास बैंकको अनुदान सहयोगमा संचालित नगर विकास कार्यक्रम (दोस्रो चरण) को थप गरिएको समयावधि (सन २००३-२०१७) सम्मका लागि ८० लाख ४ हजार युरो र नगर विकास कार्यक्रम, तेस्रो चरण (सन २००८-२०१७) का लागि ७५ लाख युरो रहेको छ ।

उपरोक्त अनुदान सहयोग वाट कोषको ऋण तथा अनुदान नीति अनुसार निर्माण अनुदान तर्फ (**अनुसूची-१७ क,** सुपरभिजन तर्फ (**अनुसूची-१७ ख** र ऋण तथा सरल ऋण तर्फ (**अनुसूची-१७ ग**) उल्लेखित कार्यक्रमका लागि आ.व. २०७५।७६मा नेपाल सरकारको समपुरक अनुदान (Matching Grant) रु. ५ करोड २१ लाख ४४ हजार, KfW को रु.४६ करोड ८० लाख ३४ हजार गरी जम्मा रु. ५२ करोड १ लाख ७८ हजार विनियोजन गरिएको (**अनुसूची–१७**) छ ।

**(ख) चक्रीय कोष अन्तर्गत संचालन गरिने कार्यक्रमः**

दातृ संस्था के.एफ.डब्ल्यू.को सहयोगमा कोषमा स्थापित चक्रीय कोष र कोषको आफ्नो ईक्विटी पूँजी मार्फत नगरपालिकाको माग र आवश्यकताका आधारमा स्वीकृत ऋण अनुदान नीति अनुसार हाल सम्म जम्मा ९६ वटा आयोजना स्वीकृत भई ९५ वटा आयोजना सम्पन्न भई सकेका छन् भने एउटा मात्र उजिर स्कुल भवन निर्माण आयोजना संचालनमा छ । संचालनमा रहेका आयोजनाहरु समेतका लागि आ.व.२०७५।७६ मा निर्माण ऋण तर्फ रु. १५ लाख र निर्माण अनुदान तर्फ रु. १६ करोड ८८ लाख ५६ हजार तथा अध्ययन तथा अनुसन्धानका लागि का लगि रु. १ करोड सहित गरि जम्मा रु. १८ करोड ३ लाख ५६ हजार बजेट विनियोजन व्यवस्था गरिएको छ । नेपाल सरकार तर्फको स्रोत वाट आयोजना अध्ययन गरिदा बजेट नपुग हुने भएमा र निर्माण अनुदान तर्फको बजेट बचत हुन जाने देखिएकाले मध्यवाट नेपाल सो सरकारको सहति लिई सो विनियोजित बजेट वाट

खर्च गरिने गरि आयोजनासंभावित योग्य आयोजनाको विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन तयार गरिने छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१८** मा दिइएको छ।

### (ग ) मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना :

एशियाली विकास बैंकको सहयोग एवं शहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (Secondary Towns Integrated Urban Environmental Improvement Project- STIUEIP) अन्तर्गत विराटनगर, बीरगंज र वुटवल नगरपालिकाहरुमा वातावरणीय सुधार सम्बन्धी पूर्वाधार आयोजनाहरु तथा काभ्रे उपत्यका भित्रका वनेपा, धुलिखेल र पनौती नगरपालिकाहरुमा एकीकृत खानेपानी आयोजनामा लगानी गरिने कूल रकम १० करोड ६० लाख अमेरिकी डलर (अर्थात करीव रु. १० अर्व) मध्ये नगर विकास कोष मार्फत १ करोड २७ लाख अमेरिकी डलर (करीव रु. १ अर्व २० करोड) ऋण लगानी गर्ने प्रावधान रहेको छ। शहरी विकास तथा भवन निर्माण विभागमा स्थापित आयोजना समन्वय कार्यालय (PCO) तथा सम्बन्धित नगरपालिकाहरुमा स्थापित आयोजना कार्यान्वयन ईकाई (PIU) हरु मार्फत आवश्यक परामर्शदाताहरु समेत परिचालन गरी आयोजना प्रस्तावहरु तयार भै कोषमा पेश हुने र कोषले लगानीको सम्भाव्यता हेरी ऋण स्वीकृत गर्ने तथा सो अनुरुप आयोजना समन्वय कार्यालयको अनुगमन एवं प्राविधिक सहयोगमा PIU हरु मार्फत आयोजनाहरुको कार्यान्वयन गर्ने प्रावधान रहेकोछ। यस कार्यक्रम अन्तर्गत जम्मा ७ वटा आयोजना स्वीकृत भई निर्माणाधिन अवस्थामा रहेका छन्।

आ.व.२०७४।७५मा कोष मार्फत रु.३० करोड ऋण लगानी गर्न बजेट विनियोजन गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-१९** मा दिइएको छ।

### (घ) एकीकृत शहरी विकास आयोजना:

एशियाली विकास बैंकको सहयोग एवं शहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा **एकीकृत शहरी विकास आयोजना** (Integrated Urban Development Project, IUDP) अन्तर्गत नेपालगंज, सिद्धार्थनगर, जनकपुर एवं धरान नगरपालिकाहरुमा संचालन गर्ने लक्ष्य राखिएको छ। यस आयोजना अन्तर्गत वातावरणीय सुधार तथा खानेपानी व्यवस्था सम्बन्धी आयोजनाहरुका लागि आयोजना अवधिभरमा हुने कूल लगानी ८ करोड २९ लाख ६० हजार अमेरिकी डलर (अर्थात करीव रु. ८ अर्व ८८ करोड) मध्ये कोष मार्फत रु. १ करोड ३३ लाख अमेरिकी डलर (करीव रु. १ अर्व २६ करोड) बराबरको ऋण लगानी गर्ने प्रावधान छ। आ.व. २०७४।७५ मा कोषबाट उल्लेखित नगरपालिकाहरुमा प्रस्तावित सम्पूर्ण आयोजनाहरुका

लागि रु. २८ करोड ७० लाख ऋण रकम लगानी गर्न बजेट विनियोजन गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची -२०** मा दिइएको छ ।

**(ङ) साना शहरी खानेपानी तथा सरसफाई आयोजना, प्रथम चरण (स्तरोन्नती आयोजना):**

एशियाली विकास बैंकको सहयोगमा खानेपानी तथा ढल निकास विभागको समन्वयमा निर्मित एवं साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु मार्फत संचालित २९ वटा खानेपानी आयोजनाहरुको संचालन व्यवस्थापनमा देखा परेका समस्याहरुको समाधानार्थ परामर्शदाताहरुको अध्ययन अनुसार करीव रु. १ अर्ब ५० करोड लगानी गर्नुपर्ने भएको र सोका लागि एशियाली विकास बैंकको सहयोगमा हाल खानेपानी तथा ढल निकास विभाग अन्तर्गत स्थापित आयोजना व्यवस्थापन कार्यालय मार्फत विस्तृत ईन्जिनियरिङ्ग डिजाईनका आधारमा खानेपानी तथा सरसफाई आयोजना तेस्रो चरण अन्तर्गत कार्यान्वयन प्रकृया अघि बढाईएको छ ।

उल्लेखित आयोजनाहरुको पुनःनिर्माणका लागि कोषको आन्तरिक श्रोत बाट २५ प्रतिशत ऋण, नेपाल सरकारवाट ७० प्रतिशत अनुदान तथा उपभोक्तासंस्थाले ५ प्रतिशत म्याचिङ फण्डको रुपमा लागत ब्यहोरिने ब्यवस्था रहेको छ । यस अन्तर्गत आ.व.२०७५।७ट मा कोषबाट रु. ३ करोड ऋण लगानी गर्न बजेट विनियोजन गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची–२१** मा दिइएको छ ।

**(च) साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना (दोस्रो चरण):**

एशियाली विकास बैंकको वित्तीय सहयोग एवं खानेपानी तथा ढल निकास विभागसँगको सहकार्यमा कोषले साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना, दोस्रो चरण (STWSSSPII) अन्तर्गत छनौटमा परेका साना शहरहरुमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत खानेपानी तथा सरसफाई आयोजना संचालन गर्ने लक्ष्य रहेको छ । यस कार्यक्रम अन्तर्गत आयोजना अवधिभरमा हुने कूल लगानी ४ करोड ५१ लाख अमेरिकी डलर (अर्थात करीव रु. ४ अर्व ५ करोड) मध्ये कोषबाट खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई सम्बन्धित स्थानीय निकायको जमानतमा कूल १ करोड ७० लाख अमेरिकी डलर (करीव रु. १ अर्व ७० करोड) बराबरको ऋण लगानी गर्ने लक्ष राखिएकोमा नेपाल सरकारवाट थप श्रोत समेत गरी यस कार्यक्रम अन्तर्गत हाल हालसम्म २१ वटा आयोजनाहरुका लागि रु. २ अर्व २० करोड बराबर र भुकम्पवाट प्रभावित ५ वटा आयोजनासमेतको ऋण सम्झौता भैसकेको छ । सवै जसो आयोजनाहरुको निर्माण सम्पन्न भई अन्तिम विल वाफत निकासा वाँकी रहेकोले आ.व. २०७५।७६ मा कोषबाट जम्मा रु.३ करोड ऋण लगानी

गर्न रकम विनियोजन गरिएको छ । सबै आयोजना यसै वर्ष निर्माण पुरा हुने लक्ष्य रहेको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२२** मा दिइएको छ ।

**(छ) साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना(तेस्रो चरण) :**

एसियाली विकास बैंकको ऋण सहयोग तथा खानेपानी तथा ढल निकास विभागसँगको सहकार्यमा साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना, तेस्रो चरण अन्तर्गत छनौटमा परेका तथा छनौट हुने क्रममा रहेका करीव २६ वटा साना शहरहरु मध्ये २० वटा साना शहरहरुमा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मार्फत संचालन हुने गरी कार्यक्रम अगाडि बढाईएको छ । यस अन्तर्गत खानेपानी तथा सरसफाई आयोजनाहरुका लागि आयोजना अवधिभरमा हुने कूल लगानी ६ करोड अमेरिकी डलर मध्ये कोष मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु लाई १ करोड ८० लाख अमेरिकी डलर (अर्थात करीव १ अर्व ८० करोड) ऋण लगानी गर्ने लक्ष्य राखिएको छ । यस आयोजना अन्तर्गत छनौट भएका २० आयोजनाहरु मध्ये ४ वटा आयोजना सम्मपन्न भएका छनु भने वाँकी आयोजनाका लागि लगानी आ.व २०७५।७६ मा यस कार्यक्रम अन्तर्गत रु.५० करोड लगानी गर्न रकम विनियोजन गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२३** मा दिइएको छ ।

**(ज) साना सहरी खानेपानी तथा सरसफाई आयोजना (सह-लगानी ) :**

एशियाली विकास बैंकको सहयोगमा नेपाल का ७० वटा साना शहरहरुमा ब्यवस्थित तथा सुरक्षित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन पहिलो, दोस्रो र तेस्रो चरणका आयोजनाहरुमा उपभोक्तावाट ५ प्रतिशत, नगर विकास कोषवाट २५ देखि ४५ प्रतिशत सम्म ऋण र वाँकी नेपाल सरकारवाट अनुदान प्रवाह हुने गरि कार्यक्रम संचालन भई यी आयोजनाहरुको प्रभावकारीता र सफलता दक्षिण एशियामानै उत्कृष्ट नमूनाका रुपमा देखिएकाले यस्ता कार्यक्रम दातृ निकायको लगानीमामात्र भर नपरी नेपाल सरकारकाले आफ्नो लगानीमा पनि सञ्चलन गर्ने उद्देश्य लिई उपरोक्त आयोजनाको अनुभवको आधारमा सहलगानीवाट विभिन्न साना शहरहरुमा थप लगानी गर्न आबश्यक देखि कोषवाट वढिमा २५ प्रतिशत ऋण लगानी, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने ब्यवस्था बमोजिम सह-लगानीको लागि खानेपानी तथा सरसफाई मन्त्रालय र कोष विच समझदारी (Memorandam of Understanding) गरी सो अनुसार आयोजनाहरु छनौट गरी कोषको स्रोत इक्वीटी पूँजीवाट सह-लगानी गर्न यस आ.व. २०७५।७६ मा रु. १९ करोड बजेट विनियोजन गरिएको छ (**अनुसूची-२४**) ।

**(झ) शहरी खानेपानी तथा सरसफाई आयोजना**

एशियाली विकास बैंकको सहयोगमा नेपालका विभिन्न  शहरहरुमा सुरक्षित खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन नगर विकास कोषवाट २५ प्रतिशत सम्म ऋण, उपभोक्तावाट ५ प्रतिशत र नेपाल सरकारवाट ७० प्रतिशत अनुदान लगानी हुने व्यवस्था बमोजिम यस आ.व. २०७५।७६ मा **शहरी खानेपानी तथा सरसफाई आयोजना** (Urban Water  Supply and Sanitation Sector Project –UWSSSP) का लागि रु. ४४ करोड बजेट विनियोजन गरिएको छ। (यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२५** मा दिइएको छ।)

**ञ) शहरी पूर्वाधार विकास लगानी आयोजना :**

नगरपालिकाहरुमा आर्थिक क्रियाकलाप बृद्धि गर्ने, स्थानीय तहमा स्थानिय आर्थिक विकासको माध्यमबाट रोजगारी सृजना हुने र नगरपालिकाको निमित्त दिगो आम्दानीको स्रोत बन्न सक्ने आयोजनाका लागि आयोजनाको प्रकृति अनुसार आयोजनाको कुल लागतमा नगरपालिकाको समेत आफ्नो पूँजि र यस कोषको तर्फवाट ऋण मात्र परिचालन हुने गरि आ.व. २०७५।७६ रु. १ अर्व बजेट विनियोजन गरिएको छ। यस आयोजना अन्तर्गत प्रस्ताव गरिएका योजनामा लगानी गर्न सम्भावित नदेखिएमा कुल बजेटको सीमा भित्र रहि अन्य सम्भावित योजनाहरुमा लगानी गरिने छ। यो बजेट नेपाल सरकारको स्रोतवाट कोषलाई ऋण स्वरुप प्राप्त हुने व्यवस्था अन्तरगत तर्जुमा गरिएकोछ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२६** मा दिइएको छ।)

**ट) काठमाण्डौ दिगो शहरी यातायात आयोजना :**

एशियाली विकास बैंकको वित्तीय सहयोगमा काठमाण्डौं उपत्यकाको २ वटा S ५  र S ३ रुटहरुमा सञ्चालनमा रहेका साना सवारी साधनहरुलाई विस्थापित गरि सो रुटमा पुरानै सवारी साधनका सवारी धनीहरुकै सामूहिक स्वामित्ववाट यातायात सेवा सञ्चालन गर्न कम्पनी स्थापना गरी सोहि कम्पनी मार्फत ती रुटहरुमा वातावरण मैत्री ठूला सवारी साधनवाट स्तरीय यातायात सेवा सञ्चालन गर्नका लागि यस कोषवाट ऋण तथा अनुदान परिचालन हुने गरी आ.व. २०७५।७६ का लागि रु. ऋण तर्फ रु. ५ करोड ८० लाख र अनुदान तर्फ रु. ३ करोड ५० लाख गरि जम्मा रु. ९ करोड ३० लाख बजेट विनियोजन गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-** २७ मा दिइएको छ।

**ठ) दोस्रो शहरी शासकीय सुधार आयोजना :**

यस कार्यकम अन्तरगत आयोजनाहरु छनौट भई अध्ययन भई रहेकाले यस अन्तर्गत आ.व. २०७५।७६ मा रु. ५२ लाख ऋण मात्र लगानी गर्ने लक्ष राखिएको छ।

### ४.२ व्यवसाय प्रबर्द्धन तथा क्षमता अभिबृद्धि :

क) व्यवसाय प्रबर्द्धन तथा ऋण असुलीलाई प्रभावकारी बनाउनका निम्ति आ.व.२०७५।७६ मा विशेष गरी नगरपालिका तथा साना शहरहरुका लागि अनुशिक्षण कार्यक्रम, ऋण वहन क्षमता अध्ययन तथा वित्तीय योजना तयारी, कोषको लगानीमा निर्मित आयोजनाहरुको मर्मत–संभार एवं संचालन-व्यवस्थापन सम्बन्धी अध्ययन, र ऋण असुली अभिबृद्धिका लागि प्राविधिक सहयोग जस्ता कार्यहरु संचालन गरिनेछ। त्यस्तै कोषको व्यावसायिक पुन: संरचना कार्ययोजना तथा सो अनुरुप प्रस्तावित रणनैतिक कार्ययोजना अन्तर्गत कोषको लगानी प्रबर्द्धन गर्न एवं ऋण असुली कार्यमा प्रभावकारीता ल्याउन तथा कोषले विगत देखि आफ्नो सेवाग्राहीहरुलाई दिंदै आएको प्राविधिक सहयोग एवं परामर्श सेवा र आयोजना अध्ययनका लागि रु. १ करोड ७३ लाख ४० हजार खर्च अनुमान गरिएकोछ भने यसमा उल्लेखित कार्यक्रमहरुका लागि विभीन्न संस्थाहरु संगको सहकार्य हुने अपेक्षा गरिएको छ। यस सम्बन्धी विस्तृत कार्यक्रम तथा बजेट सम्बन्धी विवरण **अनुसूची–२८** मा दिइएकोछ।

**ख**) United Nation Capacity Development Fund (UNCDF), Europion Union (EU), National Energy Efficiency Program (NEEP) - II , वाट प्राप्त सहयोग यस कोष, नगरपालिका र खानेपानी उपभोक्ता संस्था को व्यवसाय प्रबर्द्धन तथा क्षमता अभिबृद्धि कार्यक्रमका लागि सहकार्य गर्ने समझदारी गर्ने अन्तिम चरणमा पुगेकाले सो अन्तर्गत सोहि स्रोतवाट खर्च हुने गरी विभिन्न कार्यक्रम सञ्चालन गरिने छ।

## ५. संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन:

कोषको व्यावसायिक योजनामा प्रस्ताव गरिएको कोषको रणनैतिक कार्ययोजना तथा कार्यनीतिहरुको कार्यान्वयनका लागि कोषको संस्थागत विकास तथा सुदृढीकरण सम्बन्धी कार्यहरु सञ्चालन गर्न आ.व. २०७५।७६मा बजेट विनियोजन गरिएको छ।

### ५.१ संस्थागत विकास, तालिम र कानूनी व्यवस्था:

व्यावसायिक योजना (आ.व.२०७३।७४ देखि आ.व. २०७७।७८) ले निर्देशित गरे अनुरुप कोषको रणनैतिक कार्ययोजना अनुरुप तालिम, कोषको संस्थागत पुन:संरचना र सुदृढीकरण तथा यसका नीतिगत एवं कानूनी व्यवस्थाहरुका सम्बन्धमा निर्धारित कार्यहरुको कार्यान्वयन गर्नका लागि आ.व. २०७५।७६ मा जम्मा रु.१ करोड ४९ लाख बजेट व्यवस्था मिलाइएको छ। जस मध्ये एशियाली विकास बैंक को स्रोत वाट रु. ९० लाख सहयोग हुने छ। कोषको आन्तरिक श्रोतवाट रु. ५९ लाख ब्यहोरिने छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-२९** मा दिइएको छ।

## ५.२ संगठनात्मक व्यवस्था तथा जनशक्ति व्यवस्थापन:

कोषद्वारा स्वीकृत व्यावसायिक योजनाले उल्लेख गरेका लक्ष्यहरुको प्राप्तिका निम्ति कोषको संगठनात्मक संरचना तथा जनशक्ति व्यस्थापन गर्न र कोषका सेवाग्राहीलाई सेवा दिन प्रान्त तहमा शाखा कार्यालय वा डेस्क स्थापना गरी कोषको सेवालाई थप प्रभावकारी बनाइनेछ। यस प्रयोजनका लागि कोषका लागि चाहिने आवश्यक पर्ने वित्त, प्रशासन तथा प्राविधिक सेवाका जनशक्तिको ब्यवस्थापन गरिनेछ। कोषको आ.व. २०७५।७६ को लागि स्वीकृत दरबन्दी विवरण **अनुसूची ३० -(क)** मा दिईएको छ।

## ५.३ कार्यालय भवन, आवश्यक फर्निचर, कार्यालय उपकरण तथा सफ्टवेयरहरु

कोषको बढ्दो कार्यक्षेत्रले सृजना गरेको आवस्यकता एवं दातृसंस्थाहरुसँग भएका सम्झौता अनुसारका कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको सन्दर्भमा आवश्यक Logistic को व्यवस्था गर्नुपर्ने भएकोले आवस्यक उपकरणहरु (कम्प्युटर, प्रिन्टर आदि) खरिद गर्न, सोलार जडान तथा कोषको भवनको डिजाईन सहितका लागि रु. ८ करोड ५४ लाख बजेट व्यवस्था मिलाईएको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३० (ख)** मा दिइएको छ ।

# ६. कोषको वित्तीय व्यवस्थापन सुदृढिकरण:

शहरी विकाससँग सम्बन्धित निकायहरु खास गरी नगरपालिका तथा साना शहरहरुमा वित्तीय लगानी गर्ने उद्देश्य लिएको यस कोषको भविष्य कोषद्वारा गरिने लगानी तथा त्यसको ऋण असुलीको प्रभावकारीतामा निर्भर हुने देखिन्छ। यसका साथै कोषको वित्तीय लगानी नीति अनुरुप यसका सेवाग्राही नगरपालिका, साना शहर तथा शहरी विकाससँग सम्बन्धित अन्य निकायहरुद्वारा माग हुने ऋण लगानी उपलब्ध गराउनका लागि यस कोषको पूँजी कोषमा आवश्यक बृद्धि गर्दै नेपाल सरकार वा अन्य दातृ निकायहरुबाट म्याचिङ्ग अनुदान प्राप्त गर्नेतर्फ पहल गर्नुपर्ने हुन्छ। यसै गरी आफ्नो आन्तरिक स्रोतबाट मात्र आफ्नो व्यवसाय सञ्चालन खर्च व्यवस्था गरी आफ्नो खुट्टामा उभिनु पर्ने भएकोले कोषले आफ्नो व्यवसाय संचालन गरी आवश्यक स्रोत जुटाउनुपर्ने अवस्था रहेको छ। कोषको पुनःसंरचना सहितको व्यावसायिक योजना (२०७३।७४-२०७७।७८) कार्यान्वयनको चरणमा रहेकोछ।

उल्लिखित योजनाहरुले ऋण/अनुदान लगानी तथा ऋण असुली सहित कोषको ईक्विटी संरचना तथा ऋण/अनुदान लगानीका लागि आवश्यक पर्ने वित्तीय स्रोत सम्बन्धी लक्ष्य अनुमान गरेको छ।

उपरोक्त अनुसार आ.व. २०७५।७६मा गरिने ऋण तथा अनुदान लगानी, ऋण असुली, ऋण भुक्तानी, संचालन आम्दानी, खर्च व्यवस्थापन एवं पूँजी कोष बृद्धि सम्बन्धमा निम्नानुसार लक्ष्य प्रस्ताव गरिएको छ।

## ६.१ ऋण/अनुदान लगानीः

आ.व. २०७५।७६ का लागि तय गरिएका माथि उल्लिखित विभिन्न कार्यक्रम तथा आयोजनाहरुका लागि नेपाल सरकार, दातृ निकाय, चक्रिय कोष तथा कोषको आफ्नो पूँजी कोष समेतको परिचालन गरी जम्मा रु. ३३ करोड ६ लाख ६५ हजार अनुदान तथा रु. ३ अर्व २४ करोड ५० लाख ६९ हजार ऋण लगानी गरी कुल रु. ३ अर्व ५७ करोड ५७ लाख ३४ हजार लगानी गर्ने लक्ष्य राखिएको छ। यस सम्बन्धी विस्तृत विवरण **तालिका नं.-९** मा दिइएको छ।

### तालिका नं. ९
### आ.व.२०७५।७६ मा लक्षित ऋण तथा अनुदान लगानी सम्बन्धी विवरण

रु.हजारमा

| सि नं | नेपाल सरकार वा दातृ निकाय | | कार्यक्रम/आयोजना | आयोजना संख्या | आयोजनाको बाँकी अवधि | लगानी गरिने रकम | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदान | ऋण | जम्मा | |
| १ | के.एफ.डब्ल्यू. | १.१ | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण | ११ | सन् २०२० जुलाई सम्म | ६४,६६५ | ४०३,३६९ | ४६८,०३४ | |
| | | १.२ | नेपाल सरकार म्याचिङ्ग अनुदान | | | ५२,१४४ | – | ५२,१४४ | |
| जम्मा | | | | ११ | | **११६,८०९** | **४०३,३६९** | **५२०,१७८** | |
| २ | नगर विकास कोष (चक्रिय कोष) | २.१ | के.एफ.डब्ल्यू. चक्रिय कोष | १ | सालवसाली | – | १,५०० | १,५०० | |
| | | २.२ | नेपाल सरकार म्याचिङ्ग अनुदान (निर्माण) | | | १६८,८५६ | – | १६८,८५६ | |
| | | २.३ | नेपाल सरकार अनुदान (अध्ययन तथा अनुसन्धान परामर्श सेवा) | | | १०,००० | – | १०,००० | |
| जम्मा | | | | १ | | **१७८,८५६** | **१,५००** | **१८०,३५६** | |
| ३ | एशियाली विकास बैक | | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | २० | सन् २०२१ सम्म | – | ५००,००० | ५००,००० | |
| ४ | एशियाली विकास बैक | | सहरी खानेपानी तथा सरसफाई आयोजना | १५ | सन् २०२३ सम्म | – | ४४०,००० | ४४०,००० | |
| ५ | एशियाली विकास बैक | | मझौला सहर एकीकृत सहरी वातावुरणीय सुधार आयोजना | ७ | सन् २०१८ सम्म | – | ३००,००० | ३००,००० | |
| ६ | एशियाली विकास बैक | | एकीकृत सहरी विकास आयोजना | ७ | सन् २०१८ सम्म | – | २८७,००० | २८७,००० | |
| ७ | एशियाली विकास बैक | | काठमाण्डौ दिगो शहरी यातायात आयोजना | १ | सन् २०१८ जुन सम्म | ३५,००० | ५८,००० | ९३,०००.०० | |
| ८ | विश्व बैंक | | सहरी शासकीय क्षमता तथा विकास कार्यक्रम:उदीयमान नगर आयोजना | | सन् २०२३ सम्म | | ५,२०० | ५,२०० | |
| ९ | नगर विकास कोष | | साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना, प्रथम चरण, पुनः निर्माण आयोजना | ९ | सन् २०१९ सम्म | – | ३०,००० | ३०,००० | |
| १० | नगर विकास कोष (सह-लगानी) | | साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना | १२ | क्रमागत | – | १९०,००० | १९०,००० | |
| ११ | नगर विकास कोष | | दोस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना तथा भुकम्प प्रभावित ५ वटा आयोजना) | ७ | सन् २०१९ सम्म | – | ३०,००० | ३०,००० | |
| १२ | नेपाल सरकार | | शहरी पूर्वाधार विकास आयोजना | ६४ | क्रमागत | – | १,०००,००० | १,०००,००० | |
| जम्मा | | | | **१४३** | | **३५,०००** | **२,८४०,२००** | **२,८७५,२००** | |
| **कुल जम्मा** | | | | | | **३३०,६६५** | **३,२४५,०६९** | **३,५७५,७३४** | |
| कोषको आन्तरिक श्रोत तर्फ | | | | | | | | **२५१,५००** | |
| नेपाल सरकार तथा दातृ निकायहरुको श्रोत तर्फ (रातो किताव) | | | | | | | | **३,२३१,२३४** | |
| काठमाण्डौ दिगो शहरी यातायात आयोजना मार्फत | | | | | | | | **९३,०००** | |

## ६.२ ऋण असुली तथा भुक्तानीः

कोषको व्यावसायिक योजना अनुरुप ऋण असुली सम्बन्धमा माथि भाग ३ मा उल्लिखित कार्ययोजना एवं कार्यनीतिहरुको कार्यान्वयनबाट आगामी आ.व. २०७४।७५मा कोषको ऋण असुली तथा ऋण भुक्तानीमा बृद्धि हुने अपेक्षा गरिएको छ । यस्तै गरी कोषको ऋण असुलीमा थप प्रभावकारिता ल्याउनका निमित्त विगतमा गरिएका लगानीका हकमा विभिन्न सुधारात्मक कार्यहरु अघि बढाईनेछ भने अब हुने ऋण लगानीको सन्दर्भमा आयोजना मूल्याङ्कन प्रणालीमा समेत सुधार गर्दै ऋण सुरक्षण कार्यविधि कार्यान्वयनमा ल्याइनेछ । यसरी आ.व. २०७५।७६का लागि निम्नानुसार ऋण असुली तथा भुक्तानीका लक्ष्यहरु निर्धारण गरिएको छ ।

### ६.२.क. ऋण असुलीतर्फ :

कोषले हालसम्म गरेको ऋण लगानी मध्ये आ.व. २०७४।७५ को अन्तसम्ममा ब्याज पूँजीकृत सहित जम्मा रु. ६ अर्ब ५७ करोड ६० लाख रकम ऋण मौज्दात (Outstanding Loan) रहको छ । चालु आ.व. २०७५।७६ मा उठाउनु पर्ने रकम रु. ६९ करोड ८० लाख र विगत आ.व.को उठाउन बाँकी रु. १७ करोड ६० लाख गरि जम्मा रु. ८७ करोड ४० लाख असुल हुनु पर्नेमा रु.६५ करोड १० लाख असुल गर्ने लक्ष्य राखिएको छ । सो को विवरण **तालिका नं. १०** मा दिईएको छ भने कार्यक्रम अनुसार नगरपालिकाहरु र साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुबाट गरिने ऋण असुली सम्बन्धी विस्तृत विवरण **अनुसूची- ३५** मा दिईएको छ ।

# तालिका नं. १०
# आ.व. २०७५।७६को ऋण असुली लक्ष्य

रु. दश लाखमा

| सि.नं | कार्यक्रमहरु | २०७५ आषाढ मसान्त सम्म ऋण बाँकी | २०७५ आषाढ मसान्तसम्ममा उठाउन बाँकी | | | आ.व. २०७५।७६ मा उठाउनु पर्ने | | | २०७६ आषाढ मसान्तसम्ममा उठाउन पर्ने | | | आ.व. २०७५।७६ मा उठाउने लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा | सांवा | व्याज | जम्मा |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण (के.एफ.डब्लु.) | २१२ | (११.६५) | १५ | ३ | २६ | १८ | ४४ | १४ | ३२ | ४७ | २४ | २२ | ४६ |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण (के.एफ.डब्लु.) | ३७३ | (१८.५८) | ० | (१८.२९) | २४ | २५ | ४९ | ५ | २५ | ३० | २३ | २५ | ४९ |
| ३ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | ११४ | ७ | ६ | १३ | १४ | ९ | २३ | २१ | १५ | ३६ | १२ | ११ | २३ |
| ४ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ५१२ | ५७ | ३२ | ८९ | ६२ | ३५ | ९७ | ११९ | ६७ | १८५ | ३० | ४० | ७० |
| ५ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण (पुनःनिर्माण आयोजना) | ३२६ | ४ | १ | ५ | ३५ | १६ | ५१ | ३९ | १७ | ५६ | २७ | १६ | ४२ |
| ६ | सहरी शासकीय क्षमता विकास कार्यकम ( विश्व बैंक ऋण) | १६९ | ० | ० | ० | ६ | ८ | १४ | ६ | ८ | १४ | ६ | ८ | १४ |
| ७ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | ९९ | १ | २ | ३ | १४ | ८ | २२ | १५ | ९ | २४ | १६ | ९ | २५ |
| ८ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १९६५ | २६ | ३३ | ५९ | ९४ | ९७ | १९२ | १२० | १३० | २५० | ७१ | १०४ | १७६ |
| ९ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ९३७ | १४ | १३ | २६ | १४ | ४६ | ६० | २७ | ५९ | ८७ | ४ | ५९ | ६३ |
| १० | एकीकृत वातावरणीय सुधार आयोजना (ए.डि.वी) | ८०२ | (२.७२) | - | (२.७२) | - | ४० | ४० | (२.७२) | ४० | ३७ | - | ४० | ४० |
| ११ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | १०६७ | (०.०३) | - | (०.०३) | - | ५३ | ५३ | ० | ५३ | ५३ | - | ५३ | ५३ |
| **जम्मा (क)** | | **६५७६** | **७५** | **१०२** | **१७६** | **२८८** | **३५५** | **६४४** | **३६३** | **४५७** | **८२०** | **२१३** | **३८८** | **६०१** |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ख** | **नयाँ लगानीवाट ऋण असुल गर्ने लक्ष्य** | | | | | | | | | | | | | |
| १ | नगर विकास कार्यक्रम - दोस्रो चरण ( के.एफ.डब्लु.) | | | | | | ३ | ३ | - | ३ | ३ | | ३ | ३ |
| २ | नगर विकास कार्यक्रम - तेस्रो चरण ( के.एफ.डब्लु.) | | | | | | १२ | १२ | - | १२ | १२ | | १० | १० |
| ३ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना -प्रथम चरण ( पुनःनिर्माण आयोजना) | | | | | | १ | १ | - | १ | १ | | १ | १ |
| ४ | काठमाण्डौं दिगो शहरी यातायात | | | | | | ३ | ३ | - | ३ | ३ | | २ | २ |
| जम्मा (ख) | | - | - | - | - | | १९ | १९ | - | १९ | १९ | - | १७ | १७ |
| जम्मा (क र ख) | | ६५७६ | ७५ | १०२ | १७६ | ३७४ | ३७४ | ६६२ | ३६३ | ४७६ | ८३९ | २१३ | ४०५ | ६१८ |
| (ग) ब्याज पूँजीकृत हुने आयोजनाहरु ( नयाँ लगानीवाट) | | | | | | | | | | | | | | |
| १ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना ( ए.डी.बी. ) | | | | | | १ | १ | - | १ | १ | ० | १ | १ |
| २ | मभ्कौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना ( ए.डि.वी) | | | | | | ६ | ६ | - | ६ | ६ | | ५ | ५ |
| ३ | सह लगानी कार्यक्रम | | | | | | ५ | ५ | - | ५ | ५ | ० | ५ | ५ |
| ४ | एकीकृत वातावरणीय सुधार आयोजना ( ए.डि.वी) | | | | | | ६ | ६ | - | ६ | ६ | | ५ | ५ |
| ५ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना ( ए.डी.बी. ) | | | | | | १० | १० | - | १० | १० | | ९ | ९ |
| ६ | सहरी खानेपानी तथा सरसफाई आयोजना | | | | | | ४ | ४ | - | ४ | ४ | | ४ | ४ |
| ७ | सहरी पूर्वाधार विकास लगानी आयोजना | | | | | | ४ | ४ | - | ४ | ४ | | ५ | ५ |
| जम्मा (ग) | | - | - | - | - | | ३६ | ३६ | - | ३६ | ३६ | - | ३३ | ३३ |
| **कूल जम्मा (क , ख, ग )** | | **६५७६** | **७५** | **१०२** | **१७६** | **४१०** | **४१०** | **६९८** | **३६३** | **५१२** | **८७४** | **२१३** | **४३८** | **६५१** |

## ६.२.ख. ऋण भुक्तानीतर्फः

कोषले विभिन्न दातृ निकायहरु मार्फत संचालित कार्यक्रम तथा आयोजनाहरुका लागि नेपाल सरकारबाट प्राप्त भएको ऋणको साँवा तथा ब्याज भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा एशियाली विकास बैंकद्वारा संचालित शहरी वातावरणीय सुधार आयोजना अन्तर्गत भुक्तानी गर्नुपर्ने ऋणको ब्याजदर एवं सहुलियत अवधिका बारेमा कोषले नेपाल सरकारलाई भुक्तानी गर्ने ऋण तालिकामा समेत आवश्यक परिमार्जन गर्नका लागि गत वर्ष अघि बढाइए अनुसार भुक्तानी गर्नुपर्ने साँवा तथा ब्याज रु. ६ करोड ६० लाखको अवस्था निम्नानुसार रहेको छ ।

## तालिका नं. ११
## कोषले नेपाल सरकारलाई आ.व. २०७५।७६ मा भुक्तानी दिनु पर्ने रकम

(रु. हजारमा )

| सि. नं. | विवरण | आ.व. ०७४।७५ को अन्त सम्मको भुक्तानी बक्यौता | | | आ.व. ०७५।७६ को नियमित भुक्तानी गर्नु पर्ने किस्ता | | | आ.व. ०७५।७६ सम्ममा भुक्तानी गर्नु पर्ने कूल रकम | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा |
| १ | सहरी वातावरणीय सुधार आयोजना (UEIP/ADB) | ५४० | ७६२ | १,३०२ | १२३ | ५८ | १८१ | ६६३ | ८२० | १,४८३ |
| २ | सहरी शासकिय क्षमता विकास कार्यक्रम (UGDP:ETP/IDA) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | |
| ३ | दोश्रो साना सहरी खानेपानी (STWSSSP-II/ADB) | यस आयोजना का लागि प्राप्त ऋण रकम नेपाल सरकारको शेयर लागानी को रुपमा रहने गरी ईक्वीटीमा परिणत गर्ने मिति २०७१।०९।२४ को मन्त्रिपरिषको निर्णय भएको वाँकीका लागि थप पहल गरिने छ। | | | | | | | | |
| ४ | मझौला सहर एकिकृत वातावरणीय सुधार आयोनजा (STIUEIP/ADB) | | | | २२८ | २५१ | ४७९ | २२८ | २५१ | ४७९ |
| ५ | एकिकृत सहरी विकास आयोनजा (IUDP/ADB) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | |
| ६ | तेस्रो साना सहरी खानेपानी (STWSSSP-II/ADB) | सम्झौतानुसार सहुलियत अवधिमा रहेको | | | | | | | | |
| | जम्मा | ५४० | ७६२ | १,३०२ | ३५१ | ३०९ | ६६० | ८९१ | १,०७१ | १,९६२ |

## ७.आम्दानी तथा खर्च व्यवस्था :

आ.व. २०७५।७६का लागि स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन तथा कोषको नियमित संचालन व्यवस्थापनका लागि लक्षित आय व्ययको विवरण निम्नानुसार रहेको छ ।

### (क) आम्दानीतर्फः

कोषको व्यवसाय संचालनवाट हुने नियमित आम्दानी र संस्थागत विकासका लागि प्राप्त हुने अनुदान आम्दानी समेतवाट आ.व. २०७५।७६ मा कूल रु. ५० करोड ७७ लाख ३५ हजार आम्दानी हुने अनुमान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३१** मा दिईएको छ ।

### (१) संचालन आम्दानी :

सञ्चालनआम्दानी तर्फ मूलत् कोषले लगानी गरेको ऋणबाट प्राप्त हुने ब्याज र दातृ निकायको अनुदान परिचालनबाट प्राप्त हुने सेवा शुल्क रहेका छन् । यसको विस्तृत विवरण निम्न अनुसार रहेको छ ।

**१.१. ऋण लगानीद्वारा प्राप्त हुने ब्याज आम्दानीः**

कोषद्वारा संचालित विभिन्न कार्यक्रम अन्तर्गत विगत वर्षहरुमा गरिएका लगानी तथा चालु आ.व.मा गरिने लगानी ऋण रकमको ब्याज वापत जम्मा रु. **३६** करोड ५५ लाख ३५ हजार आम्दानी हुने अनुमान गरिएको छ (**अनुसूची- ३१**) ।

**१.२. अनुदान लगानीको सेवा शुल्क :**

विभिन्न दातृ संस्थाहरुसंग भएको शर्त सम्झौताको शर्तहरु अनुसार चालु आ.व.मा परिचालन गरिने अनुदान रकम परिचालन गरे वापत प्राप्त हुने सेवा शुल्क आम्दानी रु.७ लाख हुने अनुमान गरिएको छ (**अनुसूची- ३१**)।

**२. गैर संचालन आम्दानी :**

**२.१ निक्षेप लगानीको ब्याज आम्दानी :**

कोषमा रहेको पूँजी कोष (Equity Fund), चक्रिय कोष (Revloving Fund) तथा विभिन्न जगेडा कोष (Special Reserve Fund) अन्तर्गत रहेको नगद रकमलाई विभिन्न बाणिज्य बैंकहरुको मुद्दती निक्षेपमा लगानी गरी प्राप्त हुने ब्याज आम्दानी रकम रु. १२ करोड ८० लाख अनुमान गरिएको छ (**अनुसूची- ३१**)।

**२.२.अन्य आम्दानीतर्फः**

कोषका कर्मचारीहरुको लागि अवकाश कोष (नागरिक लगानी कोषमा जम्मा गरिएको रकम) बाट प्राप्त हुने ब्याज र विविध आम्दानी गरी जम्मा रु. ५ लाख  आम्दानी हुने लक्ष्य राखिएको छ (**अनुसूची- ३१**)।

**२.३  संस्थागत विकास तथा व्यवसाय प्रबर्द्धन अनुदान आम्दानीः**

कोषको व्यावसायिक पुनःसंरचना कार्य योजनामा उल्लेख गरिए अनुसारका संस्थागत विकास तथा सुदृढिकरणका लागि आ.व. २०७५।७६मा शहरी शासकीय क्षमता तथा विकास कार्यक्रम अन्तर्गत एशियाली विकास बैंकबाट कोषलाई संस्थागत विकासका लागि प्राप्त हुने विज्ञहरुको पारिश्रमिक, भत्ता तथा सहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत हुने कायक्रमहरुको समेत अनुदान स्वरुप जम्मा रु. १ करोड ३० लाख प्राप्त हुने अनुमान गरिएको छ (**अनुसूची- ३१**) ।

**(ख) कूल सञ्चालन खर्च तर्फः**

आ.व.२०७५।७६मा कोषको ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च, संस्थागत विकास कार्यक्रम खर्च, गैर संचालन खर्च तथा आन्तरिक पूँजिगत खर्च गरी कूल खर्च रु. २९ करोड १४

लाख ७९ हजार अनुमान गरिएको छ। यस सम्वन्धी विवरण **अनुसूची -३२** मा दिइएको छ ।

**१. व्याज खर्च:**

कोषलाई नेपाल सरकार मार्फत विभिन्न कार्यक्रम संचालनार्थ प्राप्त ऋण रकम तथा चालु आ.व.मा प्राप्त गरिने ऋण रकमको लागि भएका शर्त सम्झौताहरु अनुसार तिर्नु पर्ने व्याज खर्च वापत रु. १० करोड ९ लाख ६० हजार अनुमान गरिएको छ (**अनुसूची- ३२**) ।

**२. कर्मचारी खर्च:**

कोषको संगठनात्मक संरचनाअनुसार साविकमा वहाल रहेका कर्मचारीहरु र चालु आ.व. २०७५।७६ मा पदपूर्ति गर्ने कर्मचारीहरुको लागि कोषको नियमानुसार कर्मचारीलाई प्रदान गरिने तलव भत्ता तथा अन्य सुविधा वापत सहित रु. ३ करोड २१ लाख अनुमान गरिएको छ। (**अनुसूची- ३२**)

**३. कार्यालय संचालन खर्च :**

आ.व. २०७५।७६ मा विभिन्न पदमा पदपूर्ति गर्नु पर्ने भएकाले, घर भाडा बृद्धि यस खर्च शीर्षक अन्तर्गत कर्मचारी खर्च, कार्यालय संचालन खर्च तथा संस्थागत विकासका लागि कूल रु. ४ करोड ७ लाख ७९ हजार अनुमान गरिएको छ। (**अनुसूची- ३२**)

**४. व्यवसाय प्रवर्द्धन, प्राविधिक सहयोग तथा परामर्श सेवा खर्च:**

यस शीर्षक अन्तरगत चालु आ.व. २०७५।७६ मा कोषको व्यवसाय प्रवर्द्धन, कोषका ग्राहकहरुलाई गरिने प्राविधिक सहयोग र कोषको आयोजनासंग सम्वन्धित विभिन्न किसिमका परामर्श सेवाका लागि न.वि.कोष स्रोत तर्फ कूल रु. १ करोड ७३ लाख ४० हजार अनुमान गरिएको छ (**अनुसूची- ३२**)।

**५.संस्थागत विकास कार्यक्रम खर्चतर्फ**: यस अन्तर्गत कोषको संस्थागत विकास सम्बन्धी परामर्श सेवा, तालिम, गोष्ठी आदि कार्यका लागि जम्मा रु. १ करोड ४९ लाख अनुमान गरिएको छ (**अनुसूची–३२**) ।

**५.१.न.वि.कोष स्रोत :**

यस अन्तर्गत कोषको संस्थागत विकास सम्बन्धी परामर्श सेवा, तालिम, गोष्ठी आदि कार्यका लागि जम्मा रु.५९ लाख अनुमान गरिएको छ।

**५.२. एशियाली विकास बैंकको स्रोत :**

यस अन्तर्गत कोषको संस्थागत विकास सम्बन्धी ६ वटा विज्ञहरुको तलव भत्ता तथा यातायात र अन्य खर्च गरी जम्मा रु. ९० लाख अनुमान गरिएको छ ।

**६ . आन्तरिक पूँजीगत खर्चः**

आ.व.२०७५।७६ मा कूल पूँजीगत खर्चतर्फ रु. ८ करोड ५४ लाख अनुमान गरिएको छ, जसमा फर्निचरका लागि रु. १० लाख, कार्यालय उपकरण रु. ३४ लाख र कार्यालय भवनको विस्तृत इन्जिनियरिङ्ग प्रतिवेदन तथा निर्माणका लागि रु. ८ करोड, सोलार प्लान्ट जडान रु. ३ लाख र विभिन्न Software खरिद रु.१० लाख रकम अनुमान गरिएको छ (**अनुसूची- ३२**)।

**(ग) वचतः**

माथि उल्लेख गरिए अनुसार कूल आम्दानी रु. ५० करोड ७७ लाख ३५ हजारमा ब्याज खर्च, संचालन खर्च, संस्थागत, व्यवसाय प्रवर्द्धनखर्च समेत गरी कूल खर्च रु. २० करोड ६० लाख ७९ हजार घटाउँदा कूल वचत रु. २९ करोड १६ लाख ५६ हजार हुने अनुमान गरिएको छ । यस मध्ये कर वापत रु.७ करोड कट्टा गरी कोषको पूँजी कोषमा रु.२३ करोड १६ लाख ५६ हजार रकम थप हुन जाने देखिन्छ । यस सम्बन्धी विस्तृत विवरण **अनुसूची-३३** मा दिईएको छ ।

**८.पूँजी बृद्धितर्फः**

कोषको व्यावसायिक योजना (२०७३/७४-२०७७/७८) तथा आ.व. २०७५।७६ का लागि प्रस्तावित नीति, कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन पश्चात् कोषको पूँजीमा उल्लेख्य बृद्धि हुने अपेक्षा गरिएको छ । यस अन्तर्गत नेपाल सरकारको ईक्वीटीमा थप रु. २४ करोड ८० लाख ७० हजार, कोषको संचालन बचतवाट रु. २३ करोड १६ लाख ५६ हजार, नगर विकास कार्यक्रम मार्फत भएको ऋण लगानीको साँवा र व्याज फिर्ताबाट जम्मा हुने चक्रीय कोष (विशेष जगेडा कोष समेत) मा रु. १ करोड ४५ लाख २३ हजार र उठन बाँकी रकम रु.३४ करोड ७० लाख तथा काठमाण्डौं दिगो शहरी यातायात आयोजना को रु. ५ करोड ५० लाख गरी जम्मा रु. ८९ करोड ४९ लाख ४९ हजार थप हुने अनुमान गरिएको छ । यसरी आ.व. २०७५।७६ को अन्त सम्ममा नगर विकास कोषको कुल पूँजी कोष रु. ५ अर्व ४७ करोड १८ लाख ५० हजार पुग्ने अनुमान गरिएको छ (**तालिका नं. १२**)

**तालिका नं. १२**

## आ.व. २०७५।७६ को अन्तमा न.वि.कोषको पूँजी कोष (Capital Fund) को अनुमानित अवस्था

| विवरण | आ.व. ०७४।७५ को बास्तबिक अवस्था बजेट किताब अनुसार रु. | आ.व. ०७४।७५ को बास्तबिक अवस्था लेखा परिक्षण अनुसार रु. | आ.व. ०७५/७६ मा थप हुने अनुमान रु. | आ.व. ०७५/७६ को अन्त सम्म हुने अनुमानित अवस्था रु. | कैफियत |
|---|---|---|---|---|---|
| नेपाल सरकारको ईक्वीटी | २,४५८,३६८,१८५ | - | २४८,०७०,००० | २,७०६,४३८,१८५ | |
| न.वि.कोष जगेडा वा बचत कोष (Reserve Fund) | ८६३,१३३,४४८ | - | २३१,६५६,००० | १,०९४,७८९,४४८ | |
| चक्रकोष (Revolving Fund) | ८३४,७६१,१६० | - | १४,५२३,००० | ८४९,२८४,१६० | |
| उठ्न बाँकी ऋण (KFW- Loan Disposition Fund) | ४१४,१७३,६९५ | - | ३४७,०००,००० | ७६१,१७३,६९५ | |
| पुँजीगत अनुदान कोष (Capital Grant Fund) | ६,४६५,५०२ | - | (१,३००,०००) | ५,१६५,५०२ | |
| उठ्न बाँकी ऋण ( KSUTP ) | - | - | ५५,०००,००० | ५५,०००,००० | |
| **जम्मा रु.** | **४,५७६,९०१,९९०** | **-** | **८९४,९४९,०००** | **५,४७१,८५०,९९०** | |

## ९.नगद प्रवाह :

कोषको आं.व. २०७५।७६ को नगद प्रवाह विवरण निम्नानुसार हुने अनुमान गरिएको छ (**तालिका नं.१३** )।

# तालिका नं.१३

## नगद प्रवाह विवरण

| | | | | |
|---|---|---|---|---|
| १ | स्रोत विवरण | | | |
| क) | अ.ल्या.बैक मौज्दात | | रकम | जम्मा रकम |
| १ | मुद्दती खाता | | १,०५०,०००,००० | |
| २ | नेपाल सरकार कार्यक्रम रकम | | २४२,६००,००० | |
| ३ | कोषको चालु /कल खातामा | | ७१५,७००,००० | |
| | जम्मा (क) | | २,००८,३००,००० | २,००८,३००,००० |
| ख) | आ.व. २०७५/७६ मा प्राप्त हुने नगद | | | |
| १ | नेपाल सरकार कार्यक्रम बजेट मार्फत रु.३३१,८५०,००० रहेको रकम रु.२४२,६००,००० घटाउदा | | ३,०७५,९००,००० | |
| २ | कोषको ऋण असूली अनुसूची ३४ अनुसार रु ६५१,०००,००० | | | |
| ३ | पूँजीकृत हुने ब्याज रु ३३,४००,००० घटाउदा खुद नगद प्राप्त हुने | | ६१७,६००,००० | |
| ४ | गैर कार्य संचालन आम्दानी अनुसूची ३० | | १४१,५००,००० | |
| ५ | अनुदान सञ्चालन सेवा सुल्क अनुसूची ३० | | ७००,००० | |
| | जम्मा (ख) | | ३,८३५,७००,००० | ३,८३५,७००,००० |
| | कुल जम्मा नगद प्राप्त हुने (क+ ख)– ग | | ५,८४४,०००,००० | ५,८४४,०००,००० |
| २ | खर्च विवरण | | | |
| | खर्च (लगानी) | | | |
| क) | नेपाल सरकार र कोष स्रोत कार्यक्रम बजेट (तालिका | नेपाल सरकार | नगर विकास कोष | |
| १ | नगर विकास कार्यक्रम (KFW स्रोत) | ४६२,३००,००० | | ४६२,३००,००० |
| २ | चक्रिय कोष कार्यक्रम | २३१,०००,००० | १,५००,००० | २३२,५००,००० |
| ४ | साना सहरी खानेपानी दोस्रो भुकम्प प्रभावित | – | ३०,०००,००० | ३०,०००,००० |
| ५ | साना सहरी खानेपानी तेस्रो | ५००,०००,००० | – | ५००,०००,००० |
| ६ | शहरी खानेपानी आयोजना | ४४०,०००,००० | – | ४४०,०००,००० |
| ७ | मभ्कौला शहर एकिकृत शहरी विकास कार्यक्रम STIUEIP | ३००,०००,००० | – | ३००,०००,००० |
| ८ | एकीकृत शहरी विकास कार्यक्रम IUDP | २८७,०००,००० | – | २८७,०००,००० |
| ९ | काठमाण्डौं दीगो शहरी यातायात आयोजना KSUTP | ९३,०००,००० | – | ९३,०००,००० |
| १० | सह लगानी खानेपानी क्षेत्र | – | १९०,०००,००० | १९०,०००,००० |
| ११ | शहरी पूर्वाधार विकास आयोजना | १,०००,०००,००० | – | १,०००,०००,००० |
| ,12 | शहरी शाशकिय सुधार आयोजना | ५,२००,००० | – | ५,२००,००० |
| १३ | खानेपानी प्रथम चरण स्तरोन्नती | – | ३०,०००,००० | ३०,०००,००० |
| | जम्मा (क) | ३,३१८,५००,००० | २५१,५००,००० | ३,५७०,०००,००० |
| ख) | कार्य संचालन, व्यावसायिक प्रवर्द्दन, पुजिँगत खर्च | | | |
| १ | व्यवसायिक विकास खर्च (अनुसूची २६ बमोजिम) | | १७,१००,००० | |
| २ | संस्थागत विकास खर्च (अनुसूची २७ बमोजिम) | | १५,४००,००० | |
| ३ | साँवा / ब्याज नेपाल सरकारलाई तिर्ने (तालिका नं. ११) | | ६६,०००,००० | |
| ४ | कर्मचारी खर्च (अनुसूची ३१ बमोजिम) | | ३१,९००,००० | |
| ५ | कार्यालय संचालन खर्च (अनुसूची ३१ बमोजिम) | | ४४,१३९,००० | |
| ६ | पुँजीगत खर्च (अनुसूची ३१ बमोजिम) | | ८५,४००,००० | |
| ७ | नेपाल सरकार आयकर | | ७०,०००,००० | |
| | जम्मा (ख) | | ३२९,९३९,००० | ३२९,९३९,००० |
| | कुल जम्मा खर्च (क+ख) | ३,३१८,५००,००० | ५८१,४३९,००० | ३,८९९,९३९,००० |
| ग | बचत रकम | | | १,९४४,०६१,००० |
| | कुल जम्मा खर्च तथा वचत | | | ५,८४४,०००,००० |

## १०. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

आ.व. २०७५।७६ का लागि माथि उल्लेखित रणनैतिक कार्ययोजनाहरु एवं विभिन्न कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन, ऋण/अनुदान लगानी तथा ऋण असुली एवं कोषको पूँजी बृद्धि सम्बन्धी लक्ष्यहरुको प्राप्तिलाई सुनिश्चित गर्नका लागि आवश्यक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी आवस्यक व्यवस्था मिलाईने छ । यसका लागि रणनैतिक कार्ययोजनामा उल्लेख भए अनुसार प्रस्तुत बजेट कार्यान्वयनका लागि कोषका सम्बन्धित विभाग, महाशाखा, शाखा, ईकाई एवं डेस्कहरुका लागि प्रमुख कार्य सम्पादन सम्बन्धी मूल्याङ्कनका लागि सूचकाङ्क (लक्ष्य) हरु निर्धारण गरिनेछ । यसरी निर्धारण गरिने कार्य सम्पादन मूल्याङ्कन सूचकाङ्कका लक्ष्यहरुको प्राप्तिका लागि कर्मचारीहरुलाई प्रोत्साहित गर्न कार्य सम्पादन सूचकाङ्कका लक्ष्यहरुको प्रगति मूल्याङ्कन विधि र कार्य सम्पादन गरे वापत दिइने कार्य सम्पादन प्रोत्साहन भत्ताको व्यवस्था सम्बन्धी प्रस्ताव तयार गरी समितिमा स्वीकृतार्थ पेश गरिनेछ । यस्तै गरी उपरोक्त कार्य सम्पादन सूचकाङ्कको प्रगतिका आधारमा करार सेवाका कर्मचारीहरुको करार नवीकरण गर्ने व्यवस्था मिलाईनेछ ।

उपरोक्त अनुसार निर्धारण गरिने वार्षिक रणनैतिक कार्ययोजना तथा वार्षिक योजनाहरुको कार्यान्वयनको अनुगमनका चरणहरु निम्नानुसार गरिनेछः

| | |
|---|---|
| प्रथम चरणः | पाक्षिक रुपमा कार्यकारी निर्देशकद्वारा विभागीय प्रमुखहरुको तहमा हुने प्रगति समीक्षा । |
| दोस्रो चरणः | मासिक रुपमा कार्यकारी निर्देशक तहमा सम्पूर्ण विभाग, महाशाखा, शाखा, ईकाई एवं डेस्क तहमा हुने प्रगति समीक्षा । |
| तेस्रो चरणः | चौमासिक रुपमा कार्य सम्पादनका सूचकाङ्कहरु (KPIs)को आधारमा समीक्षा |
| चौथो चरणः | चौमासिक रुपमा संचालक समिति समक्ष हुने प्रगति समीक्षा र मूल्याङ्कन । |
| पाँचौ चरणः | चौमासिक रुपमा मंत्रालयस्तरमा हुने प्रगति समीक्षा । |
| छैठौं चरणः | अर्धवार्षिक रुपमा संचालक समिति तहमा हुने कोषको समग्र बजेट समीक्षा र पुनरावलोकन । |
| सातौ चरणः | वार्षिक रुपमा कार्य सम्पादनको मूल्याङ्कन । |
| आठौं चरणः | संचालक समिति तहमा हुने वार्षिक बजेट समीक्षा । |
| नवौं चरणः | मंत्रालयस्तरमा हुने वार्षिक बजेट समीक्षा । |

क) उपरोक्त समिक्षा क्रममा कोषको लगानी, वित्तीय अवस्था, व्यवसायिक योजना, कोषको सहयोगमा सञ्चालित कार्यक्रमर परियोजनाहरुको स्थितिको लेखाजोखा गरिने छ ।

ख) कोषको सहयोगमा सञ्चालन हुने कार्यक्रम परियोजना कार्यान्वयनमा देखिएका समस्याहरुको समिक्षा गर्ने, समस्या समाधानका लागि अन्तर निकाय समन्वय गर्ने र अन्य उपयुक्त उपाय अवलम्वन गरिने छ ।

ग) कोषको लगानी रहेका कार्यक्रम परियोजनाहरुको कार्यान्वयन निर्धारित समय, परिमाण, गुणस्तर अनुरुप सञ्चालन भई रहेका छन् वा छैनन् सम्वद्ध प्राविधिकहरुको प्रतिवेदन लिई लेखाजोखा गरिने छ ।

(घ) कार्यक्रम परियोजनालाई नतिजामूलक बनाउन निर्धारित सूचक अनुरुप कार्य प्रगति भए नभएको उपलब्धी अनुगमन मूल्याङ्कनको क्रममा अध्ययन गरिने छ ।

ङ) कोषको सहयोगमा सञ्चालित कार्यक्रम आयोजनाहरुको आवश्यकता अनुसार कोषको सञ्चालक समितिका पदाधिकारी समेतवाट आकस्मिक अनुगमनको व्यवस्था मिलाईने छ ।

च) कोषको लगानी रहेका परियोजनाहरुको मूल्याङ्कन तेस्रो पक्षवाट समेत गराउने गरी कोषले आवश्यक प्रबन्ध गर्न सक्नेछ ।

उपर्युक्त व्यवस्था अनुसार गर्नुपर्ने अनुगमन तथा मूल्याङ्कन कार्यको व्यवस्थापन कोषको योजना, अनुगमन तथा मूल्याङ्कन केन्द्रले गर्नेछ । यस प्रयोजनका लागि कोषको व्यवस्थापन सूचना प्रणाली (MIS) तथा वित्तीय व्यवस्थापन सफ्टवेयर (Micro Banker Software) मा आवश्यक परिमार्जन तथा स्तरोन्नती सहित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप सुदृढ बनाईदै लगिने छ ।